# आर्थिक वर्ष २०७८/७९ को बजेटको अर्धवार्षिक मूल्याङ्कन प्रतिवेदन

प्रदेश सरकार

आर्थिक मामिला तथा योजना मन्त्रालय

प्रदेश नं.१, विराटनगर

२०७८, माघ

# आर्थिक वर्ष २०७८/७९ को
# बजेटको अर्धवार्षिक मूल्याङ्कन प्रतिवेदन

प्रदेश सरकार
आर्थिक मामिला तथा योजना मन्त्रालय
प्रदेश नं.१, विराटनगर
२०७८, माघ

आर्थिक मामिला तथा योजना मन्त्री

प्रदेश नं.१, बिराटनगर,
नेपाल

# मन्तव्य

प्रदेश सरकार, प्रदेश नं.१ को चालु आ. व. ०७८/०७९ को ६ महिनाको बजेट कार्यान्वयनको अवस्था, सो क्रममा देखा परेका समस्या र चुनौती तथा सुधारका क्षेत्र समेत समावेश गरी यो अर्धवार्षिक प्रतिवेदन तयार गरिएको छ।

वर्तमान सरकार गठन हुनु पूर्व नै पूर्ववत सरकारले चालु आ.व. को नीति, कार्यक्रम तथा बजेट तर्जुमा कार्य गरिसकेको र वर्तमान सरकारले कार्यान्वयनको चरण शुरु गर्दै गर्दा देशभर कोभिड महामारीको तिव्र विस्तारले केहि समय आफ्ना नियमित कामकारवाही अगाडि बढाउन समस्या भएकोले लक्ष बमोजिम राजस्व संकलन र खर्च परिचालनमा केही कठिनाई भोग्नु परेको यथार्थ रहेको छ।

विभिन्न किसिमका प्रशासनिक खर्चहरुको कटौती गर्दै पूँजीगत प्रकृतिका कार्यहरुको संचालनमा विशेष जोड दिने लक्ष्य वर्तमान सरकारले लिएकोले सो कार्यान्वयनमा अधिक जोड दिने जमर्को गरिएको छ। कार्य प्रकृति मिल्ने कार्यालयहरुको एकीकिरण देखि जनस्तरका कार्यालयहरुको विस्तारलाई प्राथमिकता दिएको छ। खर्च प्रणालीलाई व्यवस्थित गरी आर्थिक अनुशासन कायम गर्न सार्वजनिक खर्च सम्बन्धी मापदण्डलाई प्रभावकारी रुपमा कार्यान्वयनमा ल्याईएको छ।

राजस्व संकलनमा लक्ष्य बमोजिमको उपलब्धि प्राप्त गर्न सूचना प्रविधिको उपयोग देखि क्षेत्र विस्तार सम्मलाई प्राथमिकता दिईएको छ। राजस्वका नयाँ क्षेत्रहरुको पहिचान, चुहावट नियन्त्रण तथा पारदर्शिता कायम गर्न वित्तीय साक्षरता सम्बन्धी अनुशिक्षण कार्यक्रमहरुको संचालन गरिएको छ। खर्च गर्ने कार्यमा प्रभवकारिताको लागि सरोकारवाला निकाय तथा मन्त्रालयहरुलाई निरन्तर सहजीकरण गरिएको छ। स्रोतमा कमि हुन नदिन फजुल खर्च नियन्त्रण र दायित्व सिर्जना भएका बहुवर्षीय कार्यक्रमहरुमा रकम व्यवस्थापनमा विशेष ध्यान दिईएको छ।

वैदेशिक सहायता प्राप्ति तथा परिचालन गर्ने सम्बन्धी कार्यविधि, बैंङ्क तथा वित्तीय क्षेत्रहरुसँग समन्वय तथा सहजीकरण गर्ने कार्यविधि लगायतका नीति तर्जुमाको कार्य भई रहेको छ। केहि कार्यान्वयन नहुने प्रकृतिका कार्यक्रमहरुको संशोधन र परिमार्जन गरी कार्यान्वयनमा रहेका र यसै वर्ष भित्र सम्पन्न हुने कार्यक्रमहरुमा स्रोत व्यवस्थापनमा विशेष व्यवस्थाको लागि कार्यहरु अघि बढाइएको छ।

प्रस्तुत प्रतिवेदनको लागि तथ्याङ्क उपलब्ध गराउनुहुने सबै सरोकारवाला निकायहरु र प्रतिवेदन तयारी गर्ने यस मन्त्रालयका सबै कर्मचारी प्रति हार्दिक आभार व्यक्त गर्दै धन्यवाद दिन चाहन्छु।

..................

इन्द्रबहादुर आङ्बो
मन्त्री

प्रदेश सरकार

# आर्थिक मामिला तथा योजना मन्त्रालय

प्रदेश नं.१, विराटनगर, मोरङ

## मन्तव्य

आर्थिक वर्ष २०७८/७९ को अर्धवार्षिक अवधिको समष्टिगत आर्थिक परिसूचक, राजस्व परिचालन, खर्च व्यवस्थापनको अवस्था र आर्थिक, सामाजिक विकासका प्रमुख सूचकहरु समावेश गरी प्रदेश सरकारको अर्धवार्षिक प्रगति प्रतिवेदन प्रकाशन गरिएको छ।

प्रस्तुत प्रतिवेदनमा चालु आर्थिक वर्षमा विनियोजित बजेट तथा कार्यक्रम कार्यान्वयनको अवस्था तथा त्यसबाट प्राप्त उपलब्धिहरुको बारेमा संक्षिप्त चर्चा गरिएको छ। कोभिड-१९ महामारीको कारण अर्थतन्त्रका विविध क्षेत्रमा परेको प्रभाव तथा संक्रमण रोकथाम न्यूनीकरण र उपचारका लागि अवलम्बन गरिएका कार्यहरुको विवेचना गरिएको छ। विगत वर्षहरुबाट नै न्यून वित्तका कारण बजेटमाथि श्रोतको चाप परेको यथार्थतालाई मध्यनजर गरी उक्त चाप व्यवस्थापनका लागि अवलम्बन गरिएका खर्च व्यवस्थापनका उपायले समग्र बजेट प्रणालीको व्यवस्थापनमा सकारात्मक सहयोग प्राप्त भएको छ। बहुवर्षीय आयोजनाहरुको सिर्जित दायित्व भुक्तानी प्रदेश सरकारको प्रमुख प्राथमिकतामा रहेको छ। बहुवर्षीय आयोजनाहरुमा भइरहेको प्रगतिले क्रमश प्रदेश सरकारको उपादेयता अभिवृद्धि गरेको छ। आर्थिक वर्षको पहिलो छ महिनाको प्रगति विवरणलाई विश्लेषण गर्दा अन्य प्रदेशको तुलनामा सन्तोषजनक प्रगति भएको छ। साथै आवश्यक ऐन कानुनको तर्जुमा गरिनु र बजेट कार्यान्वयन कार्ययोजनाको प्रभावकारी कार्यान्वयनको प्रयत्नबाट आर्थिक वर्षको अन्त्यसम्ममा बजेटले लिएका लक्ष्य एवम उद्देश्य पूरा हुने विश्वास लिएको छु। आगामी समयमा बजेट कार्यान्वयन क्षमता सुदृढ बनाउँदै सार्वजनिक खर्चलाई दक्षतापूर्ण तवरले परिचालन गरी उत्पादकत्व बढाउन थप प्रयास गर्नुपर्ने आवश्यकता देखिएको छ।

अन्त्यमा, प्रदेश सरकारका बारेमा अद्यावधिक जानकारी राख्न चाहने सबैको लागि यो प्रतिवेदन उपयोगी हुने विश्वास लिएको छु। यो प्रतिवेदन तयार गर्न आवश्यक सूचना एवम् तथ्यांक उपलब्ध गराई सहयोग गर्ने सबै विषयगत मन्त्रालय र निकायहरु तथा यस मन्त्रालयका संलग्न सम्पूर्ण कर्मचारी साथीहरुलाई हार्दिक धन्यवाद दिन चाहन्छु।

सुमन दाहाल
प्रदेश सचिव

## विषय सूची


कार्यकारी सारांश ........ १

परिच्छेद - एक : प्रदेशको समष्टिगत आर्थिक तथा वित्तीय स्थिति ........ ३

परिच्छेद - दुई : बजेट खर्च र स्रोत परिचालनको विश्लेषण ........ ३

२.१ समष्टिगत खर्च स्थितिको विश्लेषण ........ ३

२.१.१ मन्त्रालयगत खर्च स्थिति ........ ४

२.१.२ स्रोतगत खर्च विश्लेषण ........ ६

२.२ राजस्व परिचालन ........ ७

२.२.१ राजस्व संकलनको अवस्था ........ ७

२.२.२ आन्तरिक आय तर्फ प्राप्तिको शीर्षकगत विवरण ........ ८

२.२.४ समीक्षा अवधिमा राजस्व प्रणाली सुधारमा भएका प्रमुख कार्यहरु ........ ९

२.२.५ राजस्व संकलनमा देखा परेका चुनौती ........ ९

२.२.६ चालु आर्थिक वर्षको आयको संशोधित अनुमान ........ ९

२.२.७ संशोधित अनुमानका आधारहरु ........ १०

परिच्छेद – तीन स्थानीय तहमा वित्तिय हस्तान्तरण तथा खर्चको स्थिति ........ १०

३.१ स्थानीय तहलाई वित्तिय हस्तान्तरण ........ १०

३.२ सवारी साधन कर बाँडफाँट ........ ११

परिच्छेद – चार ........ ११

खर्चको संशोधित अनुमान र पुनः प्राथमिकिकरण ........ ११

४.१ समष्टिगत खर्च एवं स्रोतको संशोधित अनुमान ........ ११

४.१.१ खर्चको संशोधित अनुमान ........ ११

४.१.२ खर्चको संशोधित अनुमानको आधार ........ १२

४.२ खर्चको प्राथमिकीकरण ........ १२

४.२.१ चालु खर्च ........ १२

४.२.२ पूँजीगत खर्च ........ १३

परिच्छेद – पाँच ........ १३

बजेट प्रणाली तथा सार्वजनिक वित्त व्यवस्थापनमा भएका सुधारका प्रयास ........ १३

५.१ आर्थिक वर्ष २०७७/७८ को बजेट कार्यान्वयन सम्बन्धी मार्गदर्शन ........ १३

५.२ अख्तियारी तथा कार्यक्रम स्वीकृति ........ १४

५.३ समीक्षा अवधिमा गरिएका प्रयास ........ १४

५.४ आन्तरिक लेखा परीक्षण र सोको प्रतिवेदन प्रकाशन ........ १५

परिच्छेद – छ ........ १५

क्षेत्रगत र मन्त्रालयगत उपलब्धि विश्लेषण ........ १५

६.१ आर्थिक र वित्तीय क्षेत्र ........ १५

६.१.१ आर्थिक मामिला तथा योजना ........ १५

६.१.२ कृषि तथा पशुपंछी विकास ........ १६
६.१.३ पर्यटन विकास तथा प्रवर्द्धन ........ १६
६.१.४ उद्योग, वाणिज्य तथा आपूर्ति ........ १७
६.१.५ वन तथा वातावरण संरक्षण ........ १७
६.१.६ विज्ञान तथा प्रविधि ........ १७
६.२ भौतिक पूर्वाधार ........ १७
६.३ सामाजिक विकास ........ १८
६.३.१ स्वास्थ्य तथा जनसंख्या ........ १८
६.३.२ महिला, बालबालिका, ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्ति ........ १९
६.३.३ शिक्षा ........ २०
६.३.४ युवा तथा खेलकुद ........ २१
६.४ शासकीय सुधार, सार्वजनिक सेवा प्रवाह र सुशासन ........ २१
६.४.१ मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय ........ २१
६.४.२ प्रदेश सभा सचिवालय ........ २३
६.४.३ आन्तरिक मामिला तथा कानून ........ २३
६.४.४ विपद् व्यवस्थापन ........ २४
६.४.५ सूचना समन्वय तथा प्रशारण तर्फ ........ २५
६.४.६ प्रदेश लोक सेवा आयोग ........ २५
६.४.७ मुख्यन्यायाधिवक्ताको कार्यालय ........ २५
परिच्छेद सात ........ २६
बहुवर्षीय आयोजनाको बाँकी दायित्व सम्बन्धी विवरण ........ २६
परिच्छेद- आठ ........ २७
बजेट कार्यान्वयनमा देखा परेका समस्या एवम् चुनौतीहरु ........ २७
परिच्छेद – नौं ........ २९
बजेट कार्यान्वयन प्रभावकारी बनाउनका लागि गर्नुपर्ने कार्य ........ २९
९.१ बजेट तर्जुमा तथा कार्यान्वयन ........ २९
९.२ स्रोत व्यवस्थापन ........ ३०
९.३ वित्तीय उत्तरदायित्व र जवाफदेहिताको परिपालना ........ ३१
९.४ सार्वजनिक सेवा प्रवाह प्रभावकारी बनाउन: ........ ३२
९.५ सूचना प्रविधिको उपयोग, विकास ........ ३३
अनुसूचीहरु ........ ३४

# कार्यकारी सारांश

## प्रदेशको वस्तुस्थिति

राष्ट्रिय जनगणना २०७८ को प्रारम्भिक प्रतिवेदन अनुसार प्रदेश नं.१ को कुल जनसंख्या ४९,७२,०२१ रहेको मध्ये २४,२५,२६६ पुरुष तथा २५,४६,७५५ महिला रहेका छन्। यस प्रदेशको १५.५८% जनसंख्या विदेशमा रहेको छन्। यस प्रदेशमा परिवार संख्या १२,०३,९३० रहेको तथा जनघनत्व १९२ प्रति वर्ग कि.मि. रहेको छ। त्यसैगरी शहरी क्षेत्रमा ६२.३२% जनसंख्या तथा ग्रामीण क्षेत्रमा ३७.६८% जनसंख्या बसोबास गरेको पाइन्छ। नेपालको राष्ट्रिय कुल गार्हस्थ्य उत्पादनमा प्रदेश नं.१को योगदान १५.६ प्रतिशत रहेको छ। प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रमा योगदान ३५.२ प्रतिशत रहेको छ। यस प्रदेशको आर्थिक वृद्धि दर ३.५ प्रतिशत रहेको छ।

## बजेट खर्च र स्रोत परिचालनको विश्लेषण

चालु आर्थिक वर्ष २०७८/७९ को पहिलो ६ महिनामा प्रदेशको कुल विनियोजनको २६.३ प्रतिशत रकम खर्च भएको छ। गत आर्थिक वर्ष यस्तो खर्च १८.६ प्रतिशत रहेको थियो। चालु आर्थिक वर्षको अर्द्ध वार्षिक अवधिमा चालु तथा पूँजीगत तर्फ क्रमशः ३०.३ र २.०८ प्रतिशत बजेट खर्च भएको छ, जुन गत आर्थिक वर्षको भन्दा बढी हो। विश्वव्यापी महामारीको रूपमा रहेको कोभिड-१९ को संक्रमण नियन्त्रण, रोकथाम तथा उपचार व्यवस्थापन, बहुवर्षीय आयोजनाको सिर्जित दायित्व भुक्तानी, गत आ.व.को बचत संघ अनुदान फिर्ता खर्च यस आ.व.मा गरिएको कारण समेत चालु आर्थिक वर्षको अर्धवार्षिक खर्च प्रगति गत आर्थिक वर्षको सोही अवधिको तुलनामा केही वृद्धि भएको छ। अर्धवार्षिक अवधिमा अधिकांश कार्यक्रमको कार्यान्वयन प्रक्रिया अगाडि बढाई सकिएको छ। प्रदेशका बहुवर्षीय आयोजनाहरुको कार्य प्रगति तथा खर्च सन्तोषजनक रहेको छ। संघबाट हस्तान्तरित सशर्त अनुदान, समपूरक अनुदान र विशेष अनुदान स्रोतको उपयोग क्रमशः २२, १८ र १५ प्रतिशत रहेको छ जुन प्रादेशिक स्रोतको तुलनामा न्यून हो ।

स्रोत परिचालन तर्फ गत आर्थिक वर्षको अर्धवार्षिक अवधिको तुलनामा चालु आर्थिक वर्षको अर्धवार्षिक अवधिमा वृद्धि भई जम्मा रु.१२ अर्ब ७९ करोड ९४ लाख प्राप्ति भएको छ। आन्तरिक आयतर्फ समीक्षा अवधिमा रु.१ अर्ब ९६ करोड ५ लाख अर्थात वार्षिक लक्ष्यको तुलनामा ४७.८ प्रतिशत प्राप्ति भएको छ।

## क्षेत्रगत र मन्त्रालयगत उपलब्धि विश्लेषण

विषयगत मन्त्रालयहरुको वार्षिक बजेट कार्यान्वयन कार्ययोजना बमोजिम गर्नुपर्ने कार्यहरु, संघीय अनुदानबाट सञ्चालित आयोजना वा कार्यक्रमहरुको नियमित सञ्चालनमा रहेका छन् । संघ सशर्त अनुदान, समपूरक अनुदान र विशेष अनुदानमा सञ्चालित आयोजना वा कार्यक्रमहरुको कार्यलाई उच्च प्राथमिकतामा राखी ती अनुदानको खर्चमा वृद्धि गर्नुपर्ने भएको छ।

## बजेट प्रणाली तथा सार्वजनिक वित्त व्यवस्थापनमा भएका सुधारका प्रयास

प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्बन्धी विधेयक प्रदेश सभामा पेश गरिएको छ। बजेट कार्यान्वयन कार्ययोजना अनुसार कार्यसम्पादन सम्झौता गरी निर्धारित समयमै कार्य सम्पन्न गर्ने प्रयास गरिएको छ। समय समयमा प्रगति समीक्षा एवम् परिपत्र गरी बजेट कार्यान्वयनलाई थप प्रभावकारी बनाउन, प्रशासनिक खर्चलाई मितव्ययीता कायम गर्न पहल गरिएको छ। प्रदेश सरकार अन्तर्गतका सबै निकायहरुमा क्रियाकलापमा आधारित सरकारी लेखाप्रणाली (CGAS+), सरकारी सम्पत्ति तथा दायित्व लेखांकन र प्रतिवेदन गर्ने सूचना प्रणाली (PAMS) प्रयोगमा ल्याइएको छ । सबै स्थानीय तहहरुलाई प्रदेशबाट हस्तान्तरण हुने आयोजना वा कार्यक्रम र बजेट हेर्ने प्रयोजनको लागि PLMBIS (Provincial Line Ministry Budget Information System) प्रयोगकर्ता निर्माण गरी उपलब्ध गराइएको छ ।

## खर्चको संशोधित अनुमान

चालु आर्थिक वर्षमा रु.२१ अर्ब ६२ करोड ५८ लाख खर्च हुने संशोधित अनुमान गरिएको छ । संघ सशर्त अनुदानमा बजेट थप हुनसक्ने भएतापनि आन्तरिक राजस्वको स्रोत र राजस्व बाँडफाँटको रकम समेत लक्ष्य अनुसार संकलन हुने सम्भावना नरहेकोले सोही अनुसार खर्चको अनुमान संशोधन गरिएको छ ।

## स्थानीय तहमा वित्तीय हस्तान्तरण तथा खर्चको स्थिति

प्रदेश भित्रका स्थानीय तहलाई वित्तीय समानीकरण, सशर्त र समपूरक अनुदानको समीक्षा अवधिमा रु.१ अर्ब ८ करोड १६ लाख रकम निकासा गरिएको छ।

## बजेट कार्यान्वयन र स्रोत व्यवस्थापनका लागि गर्नुपर्ने कार्य

आवधिक योजना अनुरुप मध्यकालीन खर्च संरचनाको प्रयोगलाई प्रभाकारी बनाउने, आवश्यकता औचित्य क्षेत्रीय र भौगोलिक सन्तुलन प्राथमिकिकरणको आधारमा व्यवस्थित आयोजना छनौट प्रणाली आयोजना बैंकको स्थापना गर्नुपर्ने, स्रोत सुनिश्चितता गरिएका बहुवर्षीय आयोजनाहरुलाई भुक्तानीमा स्रोत व्यवस्थापन गर्नुपर्ने, सरकारी सेवाको लागत विश्लेषण र खर्च प्रवाहको मापदण्ड बनाई लागू गर्नुपर्ने आदि तत्काल गर्नुपर्ने महत्वपूर्ण कार्यहरु रहेका छन् भने स्रोत व्यवस्थापनतर्फ आन्तरिक आयको थप क्षेत्र पहिचान गरी आय स्रोत बढाउन पहल गर्ने, संविधानमा भएको व्यवस्था र साझा अधिकार सूचिमा रहेका राजस्वका विषयमा स्पष्टता गर्ने, प्रदेशको स्रोत र दायित्व श्रृजनाको विश्लेषण गरी बहुवर्षीय आयोजनाको उचित व्यवस्थापन, वैदेशिक सहायताको शोधभर्नाका लागि समयमै विवरण पठाउने आदि कार्य गर्न आवश्यक रहेको छ।

# परिच्छेद - एक :
# प्रदेशको समष्टिगत आर्थिक तथा वित्तीय स्थिति

नेपालको राष्ट्रिय कुल गार्हस्थ्य उत्पादनमा प्रदेश नं.१को योगदान १५.६ प्रतिशत रहेको छ। यस प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रमा योगदान ३५.२ प्रतिशत रहेको छ। यस प्रदेशको आर्थिक वृद्धि दर ३.५ प्रतिशत रहेको छ। राजस्व सङ्कलनको अवस्था हेर्दा भन्सार, अन्तःशुल्क, मूल्य अभिवृद्धि कर, आयकर, घरजग्गा रजिष्ट्रेशनन आदि शीर्षकमा यस प्रदेशको राजस्व सङ्कलन भएको देखिन्छ।

भू-स्रोत व्यवस्थापन हिसावले खेतीका लागि उपयुक्त जमिन तराई र भित्री मधेसमा १७.१६ प्रतिशत छ। यस प्रदेशमा वनको क्षेत्रफल ४३.७८ प्रतिशत रहेको छ। पहाडमा भिरालो र गरा बनाएर मात्र खेती हुने जमिन २४ प्रतिशत, घाँसपात निम्ति २४ प्रतिशत, र वन्यजन्तु, संरक्षण र पर्यटनका निम्ति उपयुक्त जमिन १५ प्रतिशत रहेको छ। प्रदेश नं.१को झन्डै २० प्रतिशत जमिन अति भिरालो वा चट्टान वा बरफले ढाकेको छ।

जल र ऊर्जामा यस प्रदेशमा प्रशस्त सम्भावना रहेको छ। १७ स-साना आयोजनाबाट हाल २८० मेगावाट विद्युत् उत्पादन भइरहेको छ जुन नेपालको समग्र उत्पादनको २०.२० प्रतिशत हो। शिलान्यास भएको अरुण-३ को निर्माण पश्चात् यो प्रदेश जलविद्युत उत्पादनका दृष्टिले सम्भावनायुक्त प्रदेश रहेको छ।

प्रदेशको कुल भू-भागको २३ प्रतिशत कृषि क्षेत्र पर्दछ। ३८.६ प्रतिशत कृषि भूमिमा सिँचाइ सुविधा पुगेको छ, जसको अधिकांश भूभाग (८७ प्रतिशत) तराईका तीन जिल्ला झापा, मोरङ र सुनसरीमा पर्दछ। धान, मकै, कोदो, फापर, गहुँ, जौ लगायतका खाद्यान्न उत्पादनका दृष्टिले यो प्रदेश आत्मनिर्भर मात्र होइन अन्य प्रदेश र छिमेकमा समेत निर्यात हुने तथ्याङ्क रहेको छ।

यो प्रदेशमा १२,७८९ कि.मि. पूर्व-पश्चिम र उत्तर दक्षिण रणनीतिक सडक छन् जुन नेपालको २०.११ प्रतिशत सडक हो र जसमध्ये ६,२७४ कि.मि. प्रादेशिक सडक र ६,५०८ कि.मि.स्थानीय सडकमा पर्दछन्। यस प्रदेशका १३ वटा विमानस्थल मध्ये चालू अवस्थाका ८ वटा साना विमानस्थलहरु छन्।

# परिच्छेद - दुई :
# बजेट खर्च र स्रोत परिचालनको विश्लेषण

## २.१ समष्टिगत खर्च स्थितिको विश्लेषण

चालु आर्थिक वर्ष २०७८/७९ प्रदेश नं.१को शुरु विनियोजित बजेट रु.३२ अर्ब ४६ करोड ९२ लाखमा अर्धवार्षिक अवधिमा संघ सशर्त अनुदानमा थप रु.३४ करोड ६७ लाख प्राप्ति भई कायम भएको जम्मा बजेट रु.३२ अर्ब ८१ करोड ५९ लाख मध्ये अर्धवार्षिक अवधिमा रु.८ अर्ब ६१ करोड ८०

लाख खर्च भएको छ। यो खर्च कुल विनियोजनको २६.३ प्रतिशत हो। गत आर्थिक वर्ष २०७७/७८ को यसै अवधिमा जम्मा रु.७ अर्ब ६३ करोड ८८ लाख अर्थात विनियोजनको १८.६ प्रतिशत खर्च भएको थियो। गत आर्थिक वर्षको अर्धवार्षिक अवधिमा चालु तथा पूँजीगत तर्फ क्रमशः १२.५ र २२.१ प्रतिशत खर्च भएकोमा चालु आर्थिक वर्षमा चालु तथा पूँजीगत तर्फ क्रमशः ३०.३ र २०.८ प्रतिशत बजेट खर्च भएको छ। यसरी गत आर्थिक वर्षको तुलनामा चालु आर्थिक वर्षको बजेटको अर्ध वार्षिक अवधिको खर्च १२.८ प्रतिशतले वृद्धि भएको छ। बजेट तथा कार्यक्रम कार्यान्वयनलाई आर्थिक वर्षको सुरु महिना देखिनै प्रक्रिया अगाडि बढाउन जोड दिइएको, विश्वव्यापी महामारीको रुपमा रहेको कोभिड-१९ को संक्रमण नियन्त्रण, रोकथाम तथा उपचार व्यवस्थापन, बहुवर्षीय आयोजनाको सिर्जित दायित्व भुक्तानी र संघ अनुदान फिर्ता खर्च समेत चालु आर्थिक वर्षको अर्धवार्षिक खर्च प्रगति गत आर्थिक वर्षको सोही अवधिको तुलनामा वृद्धि हुन गएको हो। चालु आर्थिक वर्ष २०७८/७९ पौष मसान्तसम्मको खर्चको तुलनात्मक विवरण तालिका १ मा प्रस्तुत गरिएको छ।

*तालिका १ - चालु आर्थिक वर्ष २०७८/७९ पौष मसान्तसम्मको खर्चको तुलनात्मक विवरण*

(रकम रु. लाखमा)

| बजेट | आ.व.२०७७/७८ | | | आ.व. २०७८/७९ | | |
|---|---|---|---|---|---|---|
| | वार्षिक विनियोजन | अर्धवार्षिक खर्च | प्रतिशत | वार्षिक विनियोजन | अर्धवार्षिक खर्च | प्रतिशत |
| चालु खर्च | १६१५३१ | २०२०६ | १२.५ | १४,३३,१८ | ४,३४,७२ | ३०.३% |
| पूँजीगत खर्च | २११९२१ | ४८५३८ | २२.१ | १५,२५,९९ | ३,१८,९२ | २०.८% |
| स्थानीय तह अनुदान हस्तान्तरण | २८८८२ | ७६४४ | २६.८ | ३,२२,४२ | १,०८,१६ | ३३.५% |
| जम्मा खर्च | ४१०३३४ | ७६३८८ | १८.६ | *३२,८१,५९ | ८,६१,८० | २६.३% |
| गत आ.व.को बचत संघ अनुदान फिर्ता | | २,४७,४८ | | १,९०,०६ (चालु खर्चमा समावेश भएको) | | |

*(*आ.व.२०७८/७९ को पौषसम्ममा संघबाट सशर्त अनुदान थप रु.३४ करोड ६७ लाख समेतको विनियोजन)*

*स्रोत: प्रदेश लेखा नियन्त्रक कार्यालय*

### २.१.१ मन्त्रालयगत खर्च स्थिति

प्रदेशका सबै मन्त्रालय/निकायको वार्षिक विनियोजन र अर्ध वार्षिक खर्चको विवरण तालिका २ मा प्रस्तुत गरिएको छ ।

*तालिका २. पौष मसान्तसम्मको मन्त्रालयगत खर्चको तुलनात्मक विवरण*

(रकम रु. लाखमा)

| सि.नं. | मन्त्रालय/निकाय | आ.व.२०७७/७८ | | | आ.व.२०७८/७९ | | |
|---|---|---|---|---|---|---|---|
| | | बजेट | पौष सम्मको | प्रतिशत | बजेट | पौष सम्मको | प्रतिशत |

| | | विनियोजन | खर्च | | विनियोजन | खर्च | |
|---|---|---|---|---|---|---|---|
| १. | प्रदेश व्यवस्थापिका | २३५० | ८९५ | ३८ | २२२० | ९११ | ४१ |
| २. | प्रदेश लोक सेवा आयोग | ५५९ | ९९ | १८ | ९८८ | २५९ | २६ |
| ३. | मुख्य न्यायाधिवक्ताको कार्यालय | १८६ | ४१ | २२ | १६६ | ५६ | ३४ |
| ४. | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | ८५८१ | ६६६ | ८ | १०२३३ | १६७४ | १६ |
| ५. | आर्थिक मामिला तथा योजना मन्त्रालय | ५९९८ | ३८५ | ६ | २२६८७ | १९३८४ | ८५ |
| ६. | उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय | ३५९७० | ७७६९ | २२ | २८७९६ | ५९४२ | २१ |
| ७. | भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय | ३८३१६ | ३३५१ | ९ | २६३९६ | २६९१ | १० |
| ८. | आन्तरिक मामिला तथा कानून मन्त्रालय | ९८८१ | १५७७ | १६ | ६०२८ | ६२७ | १० |
| ९. | भौतिक पूर्वाधार विकास मन्त्रालय | १८२१९६ | ४४०९५ | २४ | १२९१५५ | ३०४०० | २४ |
| १०. | सामाजिक विकास मन्त्रालय | ५३३२५ | ९७८८ | १८ | ५१३१२ | १३३४३ | २६ |
| ११. | प्रदेश योजना आयोग | ४२२ | ७८ | १८ | ३९१ | ७७ | २० |
| १२. | अर्थ - विविध | ४३६६७ | - | - | १७५४३ | - | - |
| १३. | स्थानीय तह | २८८८२ | ७६४४ | २७ | ३२२४२ | १०८१६ | ३४ |
| जम्मा | | ४१०३३५ | ७६३८८ | १८.६ | ३२८१५९ | ८६१८० | २६.३ |

*स्रोत: प्रदेश लेखा नियन्त्रक कार्यालय*

आर्थिक वर्ष २०७८/७९ को अर्धवार्षिक अवधिमा खर्चको विवरण अनुसार जम्मा विनियोजन मध्ये आर्थिक मामिला तथा योजना मन्त्रालयको खर्च बढी देखिनुमा गत वर्षको बचत संघ अनुदान फिर्ता खर्चले

गर्दा हो। बजेट कार्यान्वयनको पहिलो चौमासिकमा आएको अविरल वर्षाका कारण निर्माण कार्यमा अवरोध सृजना भएको र कोभिड-१९ को प्रभावले समेत काममा असहजता सृजना गरेकोले खर्चको अनुपात कमी देखिएको हो। निर्माणाधीन कार्यको केही रकम भुक्तानी पहिलो तथा दोस्रो चौमासिकमा हुने र अधिकांश भुक्तानी तेस्रो चौमासिकमा हुने भएकोले, नगदमा आधारित लेखा प्रणाली अनुसार खर्च जनाइसकेपछि मात्र वित्तीय प्रगति देखिने हुँदा आगामी दिनमा प्रगति बढ्दै जाने अनुमान गरिएको छ।

### २.१.२ स्रोतगत खर्च विश्लेषण

चालु आर्थिक वर्षको स्रोतगत खर्चको विवरण तालिका ३ मा प्रस्तुत गरिएको छ ।

*तालिका ३ - चालु आर्थिक वर्ष २०७८/७९ को अर्ध वार्षिक अवधिको स्रोतगत खर्चको विवरण*

(रकम रु. लाखमा)

| खर्च व्यहोर्ने स्रोत | बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|
| प्रदेश सरकार | १५९१४३ | ५१७६४ | ३३ |
| वित्तीय समानीकरण अनुदान | ८५६७८ | १७७११ | २१ |
| विशेष अनुदान | ५९३३ | ८८३ | १५ |
| समपूरक अनुदान | ११६४८ | २०८१ | १८ |
| सशर्त अनुदान | ६३१४४ | १३७४१ | २२ |
| वैदेशिक अनुदान (सोझै भुक्तानी) | २६१३ | ० | ० |
| जम्मा | ३२८१५९ | ८६१८० | २६.३ |

*स्रोतः प्रदेश लेखा नियन्त्रक कार्यालय*

चालु आर्थिक वर्षको समीक्षा अवधिमा प्रदेश सरकार स्रोत तर्फको विनियोजन मध्ये रु ५ अर्ब १७ करोड ६४ लाख अर्थात ३३% खर्च भएको छ। संघ सरकारबाट प्राप्त समपूरक अनुदान, विशेष अनुदान र सशर्त अनुदानको बजेटमा क्रमशः १८%, १५% र २२% प्रतिशत खर्च भएको छ । यो प्रगति प्रदेश सरकार स्रोतको उपयोग भन्दा कम रहेकाले सर्त सहित आयोजना/कार्यक्रम तोकिएर आउने र खर्च नभए फिर्ता गर्नुपर्ने संघ समपूरक, विशेष र सशर्त अनुदानको अधिकतम् उपयोग गर्न यी अनुदानबाट सञ्चालित आयोजना वा कार्यक्रमलाई प्राथमिकताका साथ कार्यान्वियनमा लैजान आवश्यक रहेको छ । समीक्षा अवधिमा वित्तीय समानीकरण अनुदान स्रोतको २१% खर्च भएको छ ।

चालु आर्थिक वर्षको संघ सशर्त अनुदान अन्तर्गत वैदेशिक स्रोतमा जम्मा ९९ करोड ७९ लाख र नेपाल सरकारको स्वीकृतिमा प्रदेशले लिने वैदेशिक अनुदानको रकम रु.२६ करोड १३ लाख गरी वैदेशिक स्रोत तर्फ जम्मा रु.१अर्ब २५करोड ९२ लाख विनियोजित रहेको छ। विशेषगरी पूर्वाधार विकास, शिक्षा तथा स्वास्थ्य सेवा क्षेत्रका आयोजना वा कार्यक्रममा समावेश विदैशिक स्रोतको समीक्षा अवधिमा जम्मा रु.४ करोड ९९ लाख (५%) मात्र खर्च भएको छ। वैदेशिक स्रोतको उपयोग न्यून देखिएकोले त्यस्ता

स्रोत समावेश भएका आयोजना वा कार्यक्रमलाई समयमै कार्यान्वयन गर्न र वैदेशिक स्रोत समावेश रहेका आयोजना वा कार्यक्रमको खर्चको प्रगति विवरण सम्बन्धित निकायमा पठाइ स्रोत प्राप्ति वा शोधभर्नाको लागि विषयगत मन्त्रालयले विशेष पहल गर्न आवश्यक रहेको छ।

## २.२ राजस्व परिचालन

### २.२.१ राजस्व संकलनको अवस्था

गत आर्थिक वर्षको तुलनामा चालु आर्थिक वर्षको समीक्षा अवधिको स्रोत परिचालनको विवरण तालिका ४ मा समावेश गरिएको छ ।

*तालिका ४- पौष मसान्तसम्मको स्रोत परिचालनको तुलनात्मक विवरण (RMIS अनुसार)*

(रकम रु. लाखमा)

| स्रोत | आ.व. २०७७/७८ | | | आ.व. २०७८/७९ | | |
|---|---|---|---|---|---|---|
| | वार्षिक लक्ष्य | अर्ध वार्षिक प्राप्ति | प्रतिशत | वार्षिक लक्ष्य | अर्ध वार्षिक प्राप्ति | प्रतिशत |
| राजस्व बाँडफाँट | १००३५.४ | ३६३४५ | ३६ | ९८१६६ | ४८०२९ | ४९ |
| वित्तीय समानीकरण अनुदान | ७९९८४ | १९९९६ | २५ | ८५६७८ | ४२८२९ | ५० |
| सशर्त अनुदान | ५८७१२ | १८९१७ | ३२ | ६३१४४ | १३१२६ | २१ |
| समपूरक अनुदान | ८४२७ | २८३८ | ३४ | ११६४८ | २९१२ | २५ |
| विशेष अनुदान | ५३५० | १७६६ | ३३ | ५९३३ | १४८३ | २५ |
| आन्तरिक राजस्व | ४७५०७ | १२७४८ | २७ | ४०९७७ | १९६०५ | ४८ |
| नगद मौज्दात/ अनुदान फिर्ता | ६०००० | ११९६१ | - | २०००० | - | - |
| नेपाल सरकार ऋण | ५०००० | - | - | - | - | - |
| वैदेशिक अनुदान | - | - | - | २६१३ | - | - |
| जम्मा | ४१०३३५ | १११७७० | २७.२ | ३२८१५९ | १२७९९४ | ३९.० |

*स्रोत: प्रदेश लेखा नियन्त्रक कार्यालय*

गत आर्थिक वर्षको अर्धवार्षिक अवधिको तुलनामा चालु आर्थिक वर्षको अर्धवार्षिक अवधिमा स्रोत प्राप्ति तर्फ ७.८ प्रतिशतले वृद्धि भई रु.१२ अर्ब ७९ करोड ९४ लाख प्राप्ति भएको छ । गत वर्ष असार अन्तिम हप्ताको राजस्व बाँडफाँट भई २०७८ श्रावणमा प्राप्त भएको राजस्व तथा गत वर्षको रोयल्टी बाँडफाँट समेत रु७४ करोड ६५ लाख समेत यस आ.व.२०७८/७९को अर्धवार्षिक प्राप्तिमा समावेश गरिएको छ। त्यसैले गर्दा मुल्य अभिवृद्धि कर र आन्तरिक अन्तःशुल्कको राजस्व बाँडफाँट तर्फ गत आर्थिक वर्षको अर्ध वार्षिक अवधिको तुलनामा बढी प्राप्ति देखिएको हो। आन्तरिक आयतर्फ गत आर्थिक वर्षको वार्षिक लक्ष्य रु.४ अर्ब ७५ करोड ७ लाखमा अर्ध वार्षिक अवधिमा रु.१ अर्ब २७ करोड ४८

लाख अर्थात २७ प्रतिशत प्राप्ति भएको थियो। चालु आर्थिक वर्षको अर्धवार्षिक अवधिको प्राप्ति रु.१ अर्ब ९६ करोड ५ लाख रहेको छ।

### २.२.२ आन्तरिक आय तर्फ प्राप्तिको शीर्षकगत विवरण

आन्तरिक आयतर्फ प्राप्तिको शीर्षकगत विवरण तालिका ५ मा प्रस्तुत गरिएको छ ।

*तालिका ५ – प्रदेशको आन्तरिक आयतर्फ प्राप्तिको शीर्षकगत विवरण*

(रकम रु. लाखमा)

| क्र.सं | विवरण | २०७८/७९ को वार्षिक लक्ष्य | २०७७/७८ को अर्धवार्षिक प्राप्ति | २०७८/७९ को अर्धवार्षिक प्राप्ति | २०७८/७९ को अर्धवार्षिक प्राप्ति % |
|---|---|---|---|---|---|
| १ | घर जग्गा रजिष्ट्रेशन दस्तुर | ११५०० | २९७२ | ६२८५ | ५५ |
| २ | बाँडफाँटबाट प्राप्त हुने सवारी साधन कर | १३२०० | ६३७९ | ४५२१ | ३४ |
| ३ | मनोरञ्जन तथा विज्ञापन कर | ३५ | १७ | १६ | ४६ |
| ४ | दहत्तर बहत्तर शुल्क र बहालबाट प्राप्त आय | १००२ | ५३० | ५८२ | ५८ |
| ५ | वस्तु तथा सेवा बिक्रिबाट प्राप्त रकम | ६७ | २९ | १९९ | २९७ |
| ६ | प्रशासनिक सेवा शुल्क | ३४३ | ११८ | ५८९ | १७२ |
| ७ | व्यवसाय रजिष्ट्रेशन दस्तुर | २००० | ६७४ | ६३२ | ३२ |
| ८ | यातायात क्षेत्रको आम्दानी | ११०० | ४८६ | ४५४ | ४१ |
| ९ | चालक अनुमतिपत्र, सवारी दर्ता किताब (Blue Book) सम्बन्धी दस्तुर | ५३१६ | १५२९ | २६२१ | ४९ |
| १० | विविध राजस्व | ३९ | १४ | २६ | ६७ |
| ११ | अनुदान फिर्ता, निकासा फिर्ता | ६३७५ | ० | ३६८० | ५८ |
| जम्मा | | ४०९७७ | १२७४८ | १९६०५ | ४७.८ |

*स्रोत: प्रदेश लेखा नियन्त्रक कार्यालय*

सवारी साधनको दर्ता, नविकरणमा वृद्धि, घरजग्गा रजिष्ट्रेशन लगायतमा गरिएको सहुलियत र अन्य प्रशासनिक सेवा विस्तारले आन्तरिक राजस्व गत वर्षको तुलनामा बढी संकलन भएको हो। प्रशासनिक सेवा शुल्क अन्तरगत प्रदेश लोक सेवा आयोगको परीक्षा शुल्क र वस्तु तथा सेवा बिक्रीबाट प्राप्त हुने रकम अन्तरगत लिलाम बिक्री तथा वनजन्य वस्तुको बिक्रीबाट प्राप्त रकम लक्ष्य भन्दा बढी संकलन भएको छ। गत वर्ष प्रदेशबाट स्थानीय तहलाई वित्तीय हस्तान्तरण गरिएको अनुदान खर्च नभएको रकम फिर्ता यस आर्थिक वर्षमा प्राप्त भएको हुँदा यसलाई पनि आन्तरिक राजस्वमा समावेश गरिएको छ। प्रचलित कानून बमोजिम स्थानीय तहमा संकलन भई प्रदेशमा बाँडफाँट हुनुपर्ने प्राकृतिक स्रोत बिक्री

शुल्क, मनरोञ्जन कर, विज्ञापन कर, पर्यटन शुल्क वापत प्रदेशले प्राप्त गर्नुपर्ने रकम सबै स्थानीय तहबाट बाँडफाँट भई प्राप्त भएको छैन। प्रदेशको एकल अधिकार अन्तर्गतको कृषि आयमा कर संकलनको सम्भाव्यता अध्ययन हुन सकेको छैन।

### २.२.४ समीक्षा अवधिमा राजस्व प्रणाली सुधारमा भएका प्रमुख कार्यहरु

- राजस्व संकलन र बाँडफाँटका सम्बन्धमा सम्बन्धित स्थलगत भ्रमण, अनुगमन तथा पत्राचार गरी समन्वय भइरहेको छ ।
- मन्त्रालयमा राजस्व क्षेत्रको पहिचान तथा विवरण अद्यावधिक गर्न एक कार्यदल गठन भई कार्य भइरहेको छ ।
- कोभिड-१९ को प्रभावबाट समयमै सवारी साधन कर दाखिला गर्न भएको असहजतालाई सहजीकरण गर्न प्रदेश आर्थिक ऐन, २०७८ मा व्यवस्था गरिएको छ।

### २.२.५ राजस्व संकलनमा देखा परेका चुनौती

- सबै स्थानीय तहबाट प्राप्त हुनुपर्ने राजस्व र सो को यथार्थ विवरण समयमै प्राप्त गर्नु ।
- दहत्तर बहत्तर शुल्क संकलन सम्बन्धी स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र प्रदेश आर्थिक ऐन बीच सामन्जस्यता कायम गरि राजस्व संकलनको क्षेत्राधिकार स्पष्ट गर्नु ।
- प्रभावकारी अनुगमनको लागि आवश्यक सीपयुक्त जनशक्ती र अन्य स्रोतको उचित व्यवस्थापन गर्नु ।
- राजस्व चुहावटका क्षेत्रको पहिचान गरि तिनको नियमन गर्नु ।
- सवारी साधन कर तिर्ने सेवाग्राहीका समस्यालाई सम्बोधन गर्न यातायात सम्बन्धी राजस्वलाई अनलाइन दाखिला गर्ने प्रणालीको विकास गर्नु ।

### २.२.६ चालु आर्थिक वर्षको आयको संशोधित अनुमान

चालु आर्थिक वर्षको आयको संशोधित अनुमान तालिका ६ मा प्रस्तुत गरिएको छ।

*तालिका ६ - प्रदेशको स्रोत परिचालनको संशोधित अनुमान विवरण*

(रकम रु. लाखमा)

| स्रोत | आ.व. २०७८/७९ | | |
|---|---|---|---|
| | वार्षिक लक्ष्य | संशोधित अनुमान/ प्रतिबद्धता | प्रतिशत |
| राजस्व बाँडफाँट | ९८१६६ | ९०३१२ | ९२ |
| वित्तीय समानीकरण अनुदान | ८५६७८ | ८५६७८ | |
| सशर्त अनुदान | ६३१४४ | ६३१४४ | |
| समपूरक अनुदान | ११६४८ | ११६४८ | |
| विशेष अनुदान | ५९३३ | ५९३३ | |
| आन्तरिक राजस्व | ४०९७७ | ३६९३० | ९० |

| | | | |
|---|---|---|---|
| नगद मौज्दात, अनुदान फिर्ता, बेरुजु | २०००० | २०००० | |
| वैदेशिक अनुदान (सोझै भुक्तानी) | २६१३ | २६१३ | |
| जम्मा | ३२८१५९ | ३१६२५८ | ९६ |
| *सशर्त अनुदानमा पौष मसान्तसम्म थप प्राप्ति समेत | | | |

२.२.७ संशोधित अनुमानका आधारहरु

आन्तरिक राजस्व तर्फ चालु आ.व.को अर्धवार्षिक अवधिमा रु.१ अर्व ९६ करोड प्राप्त भएको र गत आर्थिक वर्षको वार्षिक प्राप्ति रु.३अर्व ४९ करोडलाई आधार मानी संशोधित अनुमान तयार गरिएको छ। साथै, गत वर्षको खर्च नभएको अनुदान स्थानीय तहबाट फिर्ता रु.३२ करोड ४५ लाख अर्धवार्षिक अवधिमा प्राप्त भएको रकम समेत चालु आर्थिक वर्षको आन्तरिक राजस्वमा समावेश गरिएको हुँदा सोही अनुपातमा आगामी ब्रिनमा अनुदान फिर्ता प्राप्त नहुने भएकोले सो बाहेक अर्धवार्षिक प्राप्तिका आधारमा वार्षिक संशोधित अनुमान तयार गरिएको छ। संघ अनुदान तर्फ संघ सरकारबाट प्रतिवद्ध अनुदान रकमलाई नै पूर्ण प्राप्ति हुने अनुमान गरिएको छ। संघ सशर्त अनुदानमा थप बजेट प्राप्त भईरहेको र पूर्वाधार तर्फका आयोजनाका लागि संघीय सरकारसँग सशर्त अनुदानमा बजेट माग गरिएको हुँदा बजेट थप हुने सम्भावना रहेको छ। राजस्व बाँडफाँट (मुल्य अभिवृद्धि कर र आन्तरिक अन्त शुल्क) गत आर्थक वर्षको वार्षिक प्राप्तिको अनुपात र अर्धवार्षिक अवधि सम्मको प्राप्तिलाई आधार मानी संशोधित अनुमान तयार गरिएको छ ।

# परिच्छेद – तीन
# स्थानीय तहमा वित्तीय हस्तान्तरण तथा खर्चको स्थिति

## ३.१ स्थानीय तहलाई वित्तीय हस्तान्तरण

आर्थिक वर्ष २०७८/७९ को अर्धवार्षिक अवधिमा स्थानीय तहलाई वित्तीय हस्तान्तरणको अवस्था तालिका ७ मा प्रस्तुत गरिएको छ ।

*तालिका ७ – स्थानीय तहलाई अनुदान हस्तान्तरणको विवरण*

(रकम रु. लाखमा)

| विवरण | आ.व.२०७८/७९ को विनियोजन | २०७८ पौष सम्मको निकासा | प्रतिशत |
|---|---|---|---|
| २६३३१-वित्तीय समानीकरण अनुदान | १०००० | ३७८० | ३८ |
| २६३३२-सशर्त अनुदान | ८५४२ | ३३०९ | ३९ |
| २६३३४-समपूरक अनुदान | १३७०० | ३७२७ | २७ |
| जम्मा | ३२२४२ | १०८१६ | ३३.५ |

*स्रोत: प्रदेश लेखा नियन्त्रक कार्यालय*

आ.व.२०७८/७९ को लागि स्थानीय तहमा तीनवटा अनुदान प्रदान गर्न विनियोजित रु.३अर्ब २२ करोड ४२ लाख मध्ये पहिलो किस्ता बापतको रकम पौष मसान्तसम्ममा जम्मा रु.१अर्ब ८ करोड १६ लाख सम्वन्धित स्थानीय तहको सञ्चितकोषमा हस्तान्तरण गरिएको छ। बाँकी किस्ता निकासा गर्नका लागि स्थानीय तहले खर्चको विवरण प्रदेश लेखा नियन्त्रक कार्यालय वा इकाई कार्यालयमा पेश गर्नुपर्ने हुन्छ। सबै स्थानीय तहबाट समयमै खर्चको प्रतिवेदन प्राप्त नहुँदा अनुदान निकासामा समस्या हुने गरेको छ। राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले तोकेको सूत्र र आधार बमोजिम वित्तीय समानीकरण अनुदान सम्बन्धित स्थानीय तहमा हस्तान्तरण गरिन्छ। तोकिएको आयोजना/कार्यक्रम कार्यान्वयन गर्न प्रदेश सरकार अन्तरगतका मन्त्रालयबाट स्थानीय तहमा सशर्त अनुदान हस्तान्तरण गरिएको छ। प्रदेश सरकार र स्थानीय तहको क्रमश: ७० र ३० प्रतिशत लागत साझेदारीमा सञ्चालन गरिने पूर्वाधार निर्माण सम्बन्धी आयोजनामा समपूरक अनुदान प्रदान गर्ने कानूनी प्रावधान रहेको छ। वित्तीय समानीकरण, सशर्त अनुदान र समपूरक अनुदानको रकम निकासा गर्ने व्यवस्था प्रदेश विनियोजन ऐन, २०७८, प्रदेश नं.१ प्रदेश वित्त व्यवस्थापन ऐन, २०७५ र प्रदेश समपूरक अनुदान सम्बन्धी कार्यविधि, २०७५ कार्यान्वयनमा रहेको छ।

### ३.२ सवारी साधन कर बाँडफाँट

प्रदेश र स्थानीय तहको साझा अधिकार  सूचीमा रहेको सवारी साधन कर संकलन एवम् प्रशासन प्रदेश सरकारबाट भईरहेको छ। प्रदेश सरकार अन्तरगतका यातायात व्यवस्था कार्यालयहरुबाट संकलन हुने सवारी साधन कर प्रदेशलाई ६० प्रतिशत र स्थानीय तहलाई ४० प्रतिशत बाँडफाँट गर्ने प्रावधान रहेको छ। स्थानीय तहलाई हस्तान्तरण हुने सवारी साधन कर २०७८ पौष मसान्त सम्म संकलन भएको रकम मध्ये स्थानीय तहले प्राप्त गर्ने ४० प्रतिशतले हुन आउने जम्मा रु.३० करोड १४ लाख रकम बाँडफाँट गरी सम्बन्धित स्थानीय तहको सञ्चितकोषमा हस्तान्तरण गरिएको छ।

# परिच्छेद – चार
# खर्चको संशोधित अनुमान र पुन: प्राथमिकीकरण

## ४.१ समष्टिगत खर्च एवं स्रोतको संशोधित अनुमान

### ४.१.१ खर्चको संशोधित अनुमान

चालु आर्थिक वर्षमा विनियोजित बजेट मध्ये जम्मा रु.३१ अर्ब ६२ करोड ५८ लाख खर्च हुने संशोधित अनुमान गरिएको छ। चालु आर्थिक वर्षको खर्चको संशोधित अनुमान तालिका ८ मा प्रस्तुत गरिएको छ।

*तालिका ८ - खर्चको संशोधित अनुमान*

(रकम रु. लाखमा)

| खर्चको प्रकृति | बजेट विनियोजन | खर्चको अनुमान | प्रतिशत |
|---|---|---|---|
| चालु खर्च | १३६०१८ | १२८६६५ | ९५ |
| पूँजीगत खर्च | १५२५९९ | १४८०५१ | ९७ |
| अन्तर सरकारी वित्त हस्तान्तरण (स्थानीय तह) | ३९५४२ | ३९५४२ | १०० |
| जम्मा | ३२८१५९ | ३१६२५८ | ९६ |

प्रदेश अन्तर्गत कार्यान्वयनमा रहेका बहुवर्षीय आयोजनाहरुलाई आवश्यक बजेट विनियोजन नभएको र सिर्जित दायित्व भुक्तानी गर्न पूँजीगत तर्फको अपुग बजेट व्यवस्थाका लागि संघ सशर्त अनुदानमा रु.८अर्ब १५ करोड ६४ लाख थप बजेट माग गरिएको हुँदा संघबाट सशर्त अनुदानमा थप रकम प्राप्त भए अनुसार खर्च रकम बढ्ने अनुमान गरिएको छ।

### ४.१.२ खर्चको संशोधित अनुमानको आधार

खर्चको संशोधित अनुमान तयार गर्दा निर्वाचित क्षेत्र विकास कार्यक्रमको चालु तर्फ विनियोजन रहेको हुँदा सो रकम स्थानीय तहमा वित्तीय हस्तान्तरण गरिने भएकोले स्थानीय तह अनुदानमा खर्च हुने अनुमान गरिएको। चालु खर्चमा कृषि क्षेत्रको अनुदान, शिक्षा तर्फ विश्वविद्यालय, प्राविधिक शिक्षा एवम् विद्यालयलाई अनुदान, कोरोना जनसुरक्षा कोष तथा कोभिड-१९ संक्रमण रोकथाम तथा उपचार व्यवस्थापन लगायत स्वास्थ्य, सामाजिक विकास, वन तथा वातावरण संरक्षण जस्ता विभिन्न क्षेत्रका कार्यक्रम खर्च शीर्षकमा विनियोजन रहेको हुँदा र प्रशासनिक खर्चमा वृद्धि भए अनुसार चालु तर्फको संशोधित अनुमान गरिएको छ। पूँजीगत खर्च तर्फ संघबाट सशर्त अनुदानमा थप भई आउने रकम एवम् बजेट समर्पण पश्चात् बचत रकम अपुग हुने पूँजीगत तर्फ खर्च गरिने भएकोले सोही अनुसार संशोधित अनुमान तयार गरिएको छ। संघ सशर्त, समपूरक र विशेष अनुदान स्रोत रहेको बजेट अधिकांश खर्च गर्ने लक्ष्य राखिएको छ।

## ४.२ खर्चको प्राथमिकीकरण

### ४.२.१ चालु खर्च

- नेपाल सरकारबाट जारी सार्वजनिक खर्चको मितव्ययीता सम्बन्धी मापदण्ड, २०७८ को परीधि भित्र रहि प्रदेशको सार्वजनिक खर्चको मापदण्ड, मितव्ययीता तथा कार्यविधि सम्बन्धी निर्देशिका, २०७५ बमोजिम प्रशासनिक खर्च व्यवस्थापनमा मितव्ययीता अवलम्बन गरिएको छ ।
- प्रशासनिक खर्चमा मितव्ययीताको नीति अवलम्बन गर्दै अत्यावश्यक बाहेक खर्चहरु नगर्ने नीति अवलम्बन गरिएको छ ।
- सेवा प्रवाह लागत घटाउन विद्युतीय प्रणाली मार्फत सेवा प्रवाहमा जोड दिई कार्यालय र कर्मचारी संख्यालाई सकेसम्म न्यूनतम हुने गरी संगठन तथा व्यवस्थापन सर्वेक्षण (O&M Survey) गरी स्थायी दरबन्दी स्वीकृति हुने व्यवस्था मिलाई कार्य सञ्चालन हुने व्यवस्था मिलाउन पहल गरिएको छ ।

४.२.२ पुँजीगत खर्च

- निर्माणाधीन बहुवर्षीय आयोजनाहरुको अवस्था र सिर्जित दायित्व भुक्तानी स्रोतले धान्न सक्ने क्षमता र भविष्यमा गर्नुपर्ने मर्मत सम्भार (खासगरी भौतिक पूर्वाधार) समेतलाई मध्यनजर गर्दा विनियोजन भन्दा बाहेकको थप दायित्व सृजना नगर्ने नीति अवलम्बन गरिएको छ ।
- संघबाट हस्तान्तरण भएका निर्माणाधीन एवम् अधुरो रहेका आयोजनाहरुको विवरण तयार गरी नेपाल सरकार समक्ष सशर्त अनुदानमा थप रकम उपलब्ध गराइदिन लागि पठाइएको छ ।
- बहुवर्षीय आयोजनाहरुको बढ्दो दायित्व भुक्तानी गर्न कार्यान्वयनमा रहेका बहुवर्षीय आयोजनाहरु संघ सशर्त, समपूरक अनुदान तथा लागत साझेदारीमा गर्ने व्यवस्था मिलाउन सोही अनुरुप प्रस्ताव पेश गरिएको छ ।
- प्रदेश सरकारले सञ्चालन गरेका आयोजना तथा कार्यक्रमहरुको प्रभावकारी नियमन गरी गुणस्तर परीक्षणको व्यवस्था मिलाउन अनुरोध गरिएको छ ।
- आयोजनाको फिजिकल कन्टिन्जेन्सी र प्रशासनिक कन्टिन्जेन्सी खर्चको लागि निश्चित मापदण्ड बनाएर कानूनी व्यवस्था बमोजिम मात्र खर्च गर्न परिपत्र गरिएको छ ।
- आयोजना तथा कार्यक्रमहरुको ठेक्का आह्वान गर्दा विनियोजन रकम भन्दा कम रकम बोलकबोल गरी ठेक्का सम्झौता भएको खण्डमा सहायक र पुनः ठेक्का आह्वान नगर्ने साथै त्यस्तो बचत रकम अन्य प्रयोजनमा खर्च नगर्ने नीति अवलम्बन गरिएको छ ।

# परिच्छेद – पाँच

# बजेट प्रणाली तथा सार्वजनिक वित्त व्यवस्थापनमा भएका सुधारका प्रयास

## ५.१ आर्थिक वर्ष २०७७/७८ को बजेट कार्यान्वयन सम्बन्धी मार्गदर्शन

चालु आर्थिक वर्षको श्रावण १ गते आर्थिक मामिला तथा योजना मन्त्रालयबाट बजेट तथा योजना कार्यान्वयन सम्बन्धी मार्गदर्शन प्रदान भएको छ। संघ अनुदान प्राप्ति र कार्यान्वयनका सन्दर्भमा नेपाल सरकार अर्थ मन्त्रालयबाट मार्गदर्शन प्राप्त भएको छ। आर्थिक वर्षको शुरुवात देखि नै कार्य प्रक्रिया अगाडि बढाउने गरि खरिद योजना/खरिद गुरु योजना तर्जुमा, बजेट तथा कार्यक्रम कार्यान्वयन कार्ययोजना, कार्य सम्पादन सम्झौता आदि मार्फत योजना तथा कार्यक्रम कार्यान्वयलाई तिव्रता दिइएको छ ।

आ.व.२०७८/७९को बजेट कार्यान्वयन मार्गदर्शनका मुख्य व्यवस्थाहरुः

- वार्षिक खरिद योजनालाई श्रावण १५ भित्र अन्तिम रुप दिइसक्नुपर्ने।
- आयोजना प्रमुख कर्मचारीहरुलाई श्रावण १५ गते भित्र आयोजनामा खटाउनु पर्ने।
- समय सीमा सहितको कार्ययोजना श्रावण मसान्त भित्र स्वीकृत गर्नुपर्ने।
- कार्यसम्पादन सम्झौता गर्ने।
- खरिदको पूर्वतयारी र बोलपत्र आह्वान पहिलो त्रैमासिक भित्र गरिसक्नुपर्ने।

- कात्तिक मसान्त भित्र खरिद सम्झौता गरिसक्नुपर्ने।
- कार्यक्रम कार्यान्वयन सम्बन्धी कार्यविधि/निर्देशिका तर्जुमा गरी पहिलो चौमासिक भित्र स्वीकृत गरिसक्नु पर्ने।
- चारपाङ्ग्रे सवारीसाधन खरिद गर्नु अघि आर्थिक मामिला तथा योजना मन्त्रालयको सहमति लिनुपर्ने।
- संघ सशर्त,समपूरक र विशेष अनुदान खर्चको विवरण सम्बन्धित निकायमा पठाउनु पर्ने।
- खर्च नहुने बजेट समर्पण चैत्र १५भित्र गरिसक्नुपर्ने।
- आयोजनाको निर्माण सम्पन्न जेठ मसान्तभित्र गरिसक्नुपर्ने।

## ५.२ अख्तियारी तथा कार्यक्रम स्वीकृति

प्रदेशमा बजेट तर्जुमा तथा व्यवस्थापनमा प्रयोगमा रहेको प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणाली (PLMBIS) मा प्रविष्टि भएको बजेट तथा कार्यक्रमलाई नै सम्बन्धित प्रादेशिक निकायले खर्च गर्ने अख्तियारीको रुपमा मानी खर्च गर्ने गराउने भन्ने प्रदेश विनियोजन ऐन, २०७८ र चालु आर्थिक वर्ष २०७८/७९ को बजेट तथा योजना कार्यान्वयन सम्बन्धी मार्गदर्शनमा उल्लेख रहेको छ ।
प्रदेश सरकारका विभिन्न विषयगत मन्त्रालयलाई चालु आर्थिक वर्षमा संघ सरकारबाट सशर्त अनुदान, विशेष अनुदान र समपूरक अनुदानका रुपमा वित्तीय हस्तान्तरण मार्फत प्राप्त बजेट समयमै PLMBIS मार्फत सम्बन्धित निकायलाई बाँडफाँट गरिएको छ ।

## ५.३ समीक्षा अवधिमा गरिएका प्रयास

- गत आ.व.२०७७/७८ को वार्षिक प्रगति समीक्षा गरी सोको प्रतिवेदन वेवसाईटमार्फत सार्वजनिक गरिएको।
- आर्थिक वर्ष २०७८/७९ को बजेट कार्यान्वयनको प्रथम त्रैमासिक प्रगति समीक्षा एवम् मूल्याङ्कन आर्थिक मामिला तथा योजना मन्त्रालयमा मिति २०७८/०७/०४ गते सम्पन्न। प्रथम त्रैमासिक प्रगति समीक्षा बैठकका निर्णयहरु कार्यान्वयनका लागि परिपत्र गरिएको।
- प्रमुख सचिवको अध्यक्षतामा रहने बेरुजु फछ्र्यौट मूल्याङ्कन र अनुगमन समितिको बैठक बसी बेरुजु फछ्र्यौट कार्ययोजना सबै मन्त्रालय/निकायमा कार्यान्वयनका लागि पठाइएको।
- बजेट तथा कार्यक्रम प्रभावकारी कार्यान्वयन, बेरुजु फछ्र्यौट लगायतको विषयमा सचिव बैठकमा छलफल एवम् निर्णय भए अनुसार कार्यान्वयनमा प्रेषित गरिएको।
- छुट भएका बहुवर्षीय आयोजनामा बजेट विनियोजन/बाँडफाट गर्ने सम्बन्धमा प्रदेशका विषयगत मन्त्रालयहरुलाई मिति २०७८/०७/०८ मा परिपत्र गरिएको।
- बजेट कार्यान्वयनलाई थप प्रभावकारी बनाउन विभिन्न विषयहरु कार्यान्वयनका लागि मिति २०७८/०८/०३ मा परिपत्र गरिएको।

- संघ सशर्त अनुदानमा समावेश वैदेशिक सहायतको शोधभर्ना गर्नुपर्ने विवरण समयमै पठाउनका लागि महालेखा नियन्त्रक कार्यालयसँगको समन्वयमा शोधभर्ना सम्बन्धी अन्तरक्रिया कार्यक्रम मिति २०७८/९/२३ मा सम्पन्न भएको।
- स्वीकृत बजेट तथा कार्यक्रम यकिन गरेर मात्र कार्यान्वयन गर्ने गराउने सम्बन्धमा प्रदेशका सबै मन्त्रालय/निकाय/कार्यालयहरु, सबै स्थानीय तहहरुलाई मिति २०७८/९/३० मा परिपत्र गरिएको।

## ५.४ आन्तरिक लेखा परीक्षण र सोको प्रतिवेदन प्रकाशन

गत आ.व.२०७७/७८ को प्रदेश नं.१ प्रदेश सरकार अन्तरगतका निकायहरुको आ.ले.प बेरुजु रकम जम्मा रु.६८ करोड ९ लाख (कुल खर्च रु.२७ अर्ब ९५ करोडको तुलनामा बेरुजु २.४ प्रतिशत। जसमध्ये असुल गर्नुपर्ने रु.१ करोड ६ लाख, नियमित गर्नुपर्ने रु.९ करोड ९६ लाख, पेश्की बेरुजु रु.५७ करोड ७ लाख रहेको।

# परिच्छेद – छ
# क्षेत्रगत र मन्त्रालयगत उपलब्धि विश्लेषण

प्रदेश मन्त्रालय तथा निकायहरुबाट प्राप्त विवरण बमोजिम चालु आ.व.२०७८/७९ को अर्धवार्षिक समीक्षा अवधिमा हासिल भएका क्षेत्रगत उपलब्धिहरु देहाय बमोजिम रहेका छन् ।

## ६.१ आर्थिक र वित्तीय क्षेत्र

### ६.१.१ आर्थिक मामिला तथा योजना

- प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्बन्धी विधेयक प्रदेश सभामा पेश,
- आगामी आ.व.२०७८/७९ को लागि संघबाट प्रदेशलाई प्राप्त हुने समपूरक र विशेष अनुदानको प्रस्ताव राष्ट्रिय योजना आयोग समक्ष पेश गरिएको।
- प्रदेश नं.१ प्रदेश सरकारको कार्यसम्पादन मूल्याङ्कन सूचक अनुसारको विवरण राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगमा पेश गरिएको।
- आगामी आ.व.२०७९/८० को लागि प्रदेश नं.१ को आय व्यय प्रक्षेपण गरिएको विवरण संघ अर्थ मन्त्रालयमा पठाइएको।
- चालु आ.व.२०७८/७९ को लागि भौतिक पूर्वाधार निर्माण क्षेत्रमा अपुग स्रोत व्यवस्थापनको लागि संघीय सरकारसँग सशर्त अनुदानमा थप रु.८अर्ब १५करोड ६४लाख उपलब्ध गराइदिने व्यवस्थाको लागि विवरण पठाइएको।
- प्रदेशको सार्वजनिक खर्चको मापदण्ड तथा मितव्ययीता सम्बन्धी निर्देशिका परिमार्जन/तर्जुमा गर्न मस्यौदा समिति गठन भएको।

- अन्तराष्ट्रिय विकास सहायता परिचालन सम्बन्धी मापदण्डको मस्यौदा तर्जुमाको चरणमा रहेको।
- प्रदेशस्तरमा बीमा व्यवसाय सञ्चालन तथा व्यवस्थापनको आवश्यक पहलका लागि बीमा समितिमा पत्राचार गरिएको।
- प्रदेश निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रम (सञ्चालन) कार्यविधि, २०७८ को मस्यौदा प्रदेश सरकार म.प.बाट स्वीकृत भई कार्यान्वयनका लागि पठाइएको।
- खाजा खर्च व्यवस्थित गर्ने कार्यविधि २०७८ तर्जुमा गरिएको।
- प्रदेश सेवामा कार्यरत लेखा समूहका कर्मचारीहरुको पदस्थापन तथा सरुवा सम्बन्धी मापदण्ड, २०७८ को तर्जुमा गरिएको।
- स्थानीय सरोकारवालाहरुको सहभागितामा वित्तीय साक्षरता कार्यक्रम संचालन ।
- कर्मचारीहरुको क्षमता विकासको लागि GIS र Graphic Designing सम्बन्धी तालिम संचालन।
- विभिन्न स्थानीय तहको राजश्व संकलन तथा बाँडफाँट सम्बन्धी अनुगमन।

### ६.१.२ कृषि तथा पशुपंक्षी विकास

- प्रदेश सभाबाट कृषि व्यवसाय अनुदान ऐन स्वीकृत भई २०७८/०५/१० गते प्रमाणिकरण तथा प्रकाशन भएको।
- कृषि व्यवसाय अनुदान नियमावलीको मस्यौदा तर्जुमा गरिएको।
- प्रदेश कृषि विकास रणनीतिको मस्यौदा तयार गरि यसै वर्ष स्वीकृत गरिने।
- मन्त्रालय र मातहत निकायहरुमा स्वीकृत रहेका पुँजिगत खर्च तर्फका कार्यक्रमहरु कार्यान्वयनमा रहेका तथा किसानहरुलाई अनुदान उपलब्ध गराउने कार्यक्रमहरुको सुचना आव्हान गरि स्थलगत प्रमाणिकरण भएको ।
- प्रधानमन्त्री कृषि आधुनिकिकरणा परियोजना (PMAMP) अन्तर्गतका यस प्रदेशमा भएका वस्तु अनुसार कृषि विकास तर्फ संचालन भएको पुरानो एवम् नयाँ ब्लकको संख्या ११४ र पशुपंक्षी विकास तर्फ यस्तो ब्लकको संख्या ३९ बटा।

### ६.१.३ पर्यटन विकास तथा प्रवर्द्धन

- नेपाल सरकार,प्रदेश सरकार,स्वीस सरकार तथा भोजपुर र खोटाङ स्थित ६ बटा पालिकासँग सहकार्य तथा समन्वय गरी ६२ कि.मि को Mundhum Trail निर्माण सम्पन्न।
- पर्यटन विकास तथा प्रवर्द्धनका लागि ३ स्थानमा पर्यटीय मार्ग, ३७ स्थानमा पर्यटकीय पुर्वाधार, ४ बटा झरना विकास तथा संरक्षण, प्रति वर्ष औसतमा १,६५,००० दिनको श्रम रोजगारी श्रृजना ।
- पर्यटन कार्यालय काकडभिट्टा र धरानमा पर्यटकीय स्तरको होटल-३२ र ट्राभल एण्ड ट्रेकिङ-६६ बटा दर्ता रहेको।
- १४ जिल्लामा अवस्थित घरेलु तथा साना उद्योग कार्यालयमा ६० बटा होमस्टे दर्ता रहेको।
- पर्यटन विकास आयोजना अन्तर्गतका कुल स्वीकृत योजनाहरु ३५१ बटा मध्ये समीक्षा अवधिसम्म सम्झौता भएका १५१ बटा, ईस्टिमेट भईसकेको १२३ बटा र २५० बटा फिल्ड भिजिट गरिएको।
- पर्यटन पूर्वाधार तर्फका बहुवर्षिय योजनाहरु ३ बटा संचालित र १ बटा सम्झौता हुने क्रममा रहेको।

६.१.४ उद्योग, वाणिज्य तथा आपूर्ति

- आ.व. २०७८/७९ प्रथम चौमासिक सम्मको उद्योग दर्ता संख्या ५२१५ बटा (कुल पुँजीःरु १३,३१,६१,४७,०००।-) समेत गरी सो अवधि सम्मको जम्मा उद्योग दर्ता संख्या ७७,७६४ बटा रहेको ।
- आ.व. २०७८/७९ प्रथम चौमासिक सम्मको वाणिज्य फर्म दर्ता संख्या २१६७ बटा (पुँजी लगानी :रु ३,०१,२८,४५,३००।- ) रहेको ।
- आ.व. २०७८/७९ प्रथम चौमासिक सम्ममा ८० बटा उद्योग निरीक्षण गरिएको।

६.१.५ वन तथा वातावरण संरक्षण

- वन्यजन्तु उद्धार केन्द्र स्थापनामा (जामुनखाडी सामुदायिक वन, झापा)
- सरकारद्वारा व्यवस्थित वन, सामुदायिक वन, नीजि वन र साझेदारी वनबाट जम्मा ४,३२,४६३ के.जि गैँहकाष्ठ वन पैदावार उत्पादन तथा निकासि भएको ।
- सामुदायिक वन- ३५७५ बटा, कबुलियति वन -९७९ बटा, धार्मिक वन -४०, साझेदारी वन -४, निजि वन -२१२३, चक्ला वन-१, सरकारद्वारा व्यवस्थित सल्लेरी राष्ट्रिय वन-१ बटा रहेको ।
- काठ उत्पादन ३३,८४,७४५.५४ क्यू.फि. दाउरा उत्पादन ४१६७.४७ चट्टा, बिरुवा उत्पादन - काष्ठजन्य १६,२५,००० गोटा र जडिबुटी १,८०,००० गोटा र वृक्षारोपण १८.७९ हेक्टर ।
- वन उद्यम प्रवर्द्धनः- स:मिल दर्ताः १ बटा , फर्निचर दर्ता संख्याः २ बटा, जडिबुटी प्रशोधन उद्योग दर्ताः २ बटा र भेनियर उद्योग दर्ता २० बटा, नर्सरी निर्माण ४ बटा र नर्सरी मर्मत ३० बटा ।

६.१.६ विज्ञान तथा प्रविधि

- प्रदेश अविस्कार केन्द्र स्थापना गर्न मनमोहन प्राविधिक विश्वविद्यालय मोरङलाई सहयोग ।
- ५० भन्दा बढी सामुदायिक माध्यमिक विद्यालयहरुमा विज्ञान प्रयोगशाला स्थापना ।

६.२ भौतिक पूर्वाधार

- सडक निर्माण तर्फ समीक्षा अवधिमा मर्मत सम्भार १० कि.मि., ग्राभेल सडक १० कि.मि. कच्ची सडक १८ कि.मि. कालोपत्रे सडक १८ कि.मि. र RCC/PCC १.२ कि.मि. निर्माण सम्पन्न भएको छ। यसै गरी पुल निर्माण तर्फ मोटरेवल पुल २ बटा र झोलुङ्गे पुल ५ बटा सम्पन्न भएको छ। यस अवधिमा सडक तथा पुल तर्फ रु.१ अर्ब ७४ करोड ७९ लाख खर्च भएको छ ।
- पूर्व-पश्चिम राजमार्ग अन्तर्गत कोशी गाउँपालिकामा कोशी रिफ्रेशमेन्ट सेन्टर निर्माणको पहिलो चरणको निर्माण कार्य भइरहेको छ ।
- समीक्षा अवधिमा सहरी विकास तथा भवन डिभिजन तर्फ ३७ करोड ८९ लाख खर्च भएको छ। आवास,भवन तथा सहरी विकास तर्फको हालसम्मको प्रगति अवस्था देहायअनुसार रहेको छः-

| क.सं. | निर्माण संरचना | इकाई | सम्पन्न परिमाण | निर्माणधीन संख्या | लाभान्वित जनसंख्या |
|---|---|---|---|---|---|
| १ | सामुदायिक भवन निर्माण | वटा | ४० | ६३ | |
| २ | सरकारी भवन निर्माण | वटा | २ | १६ | |
| ३ | सभाहल निर्माण | वटा | ३ | ८ | |
| ४ | खेलकुद पूर्वाधार निर्माण | वटा | ४ | ४ | |
| ५ | एकीकृत बस्ती विकास | वटा | ३ | ७ | |
| ६ | जनता आवास कार्यक्रम | वटा | ४११ | २२३७ | ५००० |
| ७ | सहरी सडक (ढलान) | कि.मी. | २ | ४ | |
| ८ | सहरी सडक (कालोपत्रे) | कि.मि. | ११ | ५ | |
| ९ | पार्क निर्माण | वटा | २ | ८ | |
| १० | ढल निर्माण | वटा | १ | ३ | |
| ११ | बसपार्क निर्माण | वटा | २ | ३ | |
| १२ | गेट/ भ्युटावर निर्माण | वटा | ० | ३ | |
| १३ | प्रहरी भवन निर्माण | वटा | ३ | ४ | |
| १४ | अन्य पूर्वाधार निर्माण | वटा | ७ | १७ | |

- समीक्षा अवधिमा सिंचाई तर्फ नयाँ संचित क्षेत्र बिस्तार ४९३ हेक्टर, सिंचाई क्षेत्र पुनर्स्थापना १९५० हेक्टर सम्पन्न भएको छ। नदी नियन्त्रण तथा पहिरो व्यवस्थापन तर्फ तटबन्ध निर्माण २.६२ कि.मि., रिभेटमेन्ट ३.११ कि.मि., स्टड/स्पर २८ वटा, रिटेनिङ वाल (कि.मि.) ०.३६ कि.मि. र अन्य ०.१ कि.मि. कार्य सम्पन्न भएको छ। यस अवधिमा जलस्रोत तथा सिंचाई तर्फको भौतिक प्रगति २१ प्रतिशत रहेको छ।
- समीक्षा अवधिमा खानेपानी आयोजना तर्फ १२ वटा आयोजनाहरु निर्माण सम्पन्न भएका छन्, जसबाट लाभान्वित जनसंख्या ४,६२९ रहेको छ। यस अवधिमा खानेपानी तथा सरसफाई तर्फ ६९ करोड ५२ लाख (४२%) खर्च भएको छ, भने समग्रमा भौतिक प्रगति ४७ प्रतिशत रहेको छ।

## ६.३ सामाजिक विकास

### ६.३.१ स्वास्थ्य तथा जनसंख्या

- इलाम अस्पतालमा म्याटर्निटी वेटिङ होमको नक्सा बन्ने क्रममा, शवगृहको लागि फ्रिज अर्डर भएको
- तेह्रथुम, खोटाङ, ओखलढुङ्गा, ताप्लेजुङ अस्पताल र मदन भण्डारी अस्पताल तथा ट्रमा सेन्टरमा अक्सिजन प्लान्ट जडान भएको।
- इलाम अस्पताल, सोलुखुम्बु अस्पताल र इनरुवा अस्पतालमा अक्सिजन प्लान्टको निर्माण प्रकृया शुरु

- एकीकृत एम्बुलेन्स सेवाको लागि प्रक्रिया अघि बढेको
- धनकुटा अस्पतालमा भवन निर्माणका लागि DPR तयार
- मेची अस्पताल संखुवासभा अस्पताल मदन भण्डारी अस्पताल तथा ट्रमा सेन्टर जिल्ला अस्पताल ओखलढुङ्गा ताप्लेजुङ, भोजपुर, खोटाङ, तेह्रथुम र सोलुखुम्बुमा ICU सञ्चालनका लागि उपकरण खरिद गरिएको।
- स्वास्थ्य चौकी तथा प्राथमिक स्वास्थ्य केन्द्र सवलीकरणका लागि सुनसरी जिल्लामा स्वास्थ्य चौकी छनौट भई स्वास्थ्य संस्था स्तरीय समन्वय बैठक सम्पन्न तथा अनुमानित लागत आउने क्रममा अन्य जिल्लामा छनौट बाँकी
- विद्यालय नर्सिंग कार्यक्रम निरन्तरता, एक पालिका एक महिला स्वास्थ्य स्वयंसेविका सम्मान कार्यक्रम सम्पन्न।
- सुनसरी जिल्लाका १२ वटै पालिकामा जिल्ला पूर्ण खोप अभियानका लागि अभिमुखीकरण तथा तयारी बैठक कार्यक्रम संचालन गरिएको
- राष्ट्रिय महिला सामुदायिक स्वास्थ्य स्वयमसेविका कार्यक्रम संचालन भइरहेको।
- उदयपुर जिल्लामा खोप कोल्डचेन व्यवस्थापनको लागि ५ स्थानीय तहमा Refrigerator / Freezer जडान भएको।
- आमा सुरक्षा कार्यक्रम सञ्चालन भइरहेको।
- सबै स्वास्थ्य कार्यालयहरू मार्फत स्थानीय आम सञ्चार माध्यमबाट सन्देश प्रसारण भईरहेको।
- सबै स्वास्थ्य कार्यालयहरू मार्फत विद्यालय स्वास्थ्य शिक्षा कार्यक्रम संचालन भईरहेको।
- क्षयरोग आधारभूत तथा पुनर्ताजी तालिम सञ्चालन टी.बी. मुक्त पालिका घोषणाका निम्ति सचिवज्यूको अध्यक्षतामा निर्देशक समिति गठन गरिएको।
- आँखा, घांटीकान, तथा मुख स्वास्थ्य सम्बन्धि सरोकारवालाहरुलाई अभिमुखीकरण तालीम संचालन भएको।

कोभिड-१९ रोकथाम तथा व्यवस्थापन

- प्रदेश सरकारद्वारा निशुल्क रुपमा ९६ शैय्याको कोशी अस्पताल कोभिड-१९ उपचार केन्द्र सञ्चालनमा रहेको तथा थप ८० शैय्याको ब्लक तयारी अवस्थामा रहेको ।
- कोभिड १९ विरुद्धको खोप अभियान नियमित खोप सेवा सबै स्वास्थ्य कार्यालयहरू मार्फत संचालन भईरहेको
- कोभिड-१९ को महामारी रोकथाम नियन्त्रणमा प्रभावकारी रुपमा समन्वयात्मक भूमिका निर्वाह हुनुका साथै कोरोना जनसुरक्षा कोष संचालन गरिएको ।

### ६.३.२ महिला, बालबालिक, ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्ति

- सडक बालबालिका संरक्षण तथा व्यवस्थापनका लागि बाल आवाजसँग सम्झौता भएको।
- बाल कल्याण गृह सञ्चालन तथा व्यवस्थापनका लागि अनुदान उपलब्ध गराइएको।
- बाल विवाह अन्त्यका लागि किशोरी सशक्तीकरण कार्यक्रम कार्यान्वयनका लागि कार्यविधि तयार भएको।
- बाल सुधार गृह विराटनगरमा रहेका बालकहरुका लागि जीवन उपयोगी सीप तालिम सम्पन्न गरिएको।

- बिपन्न दलित जनजाती र सीमान्तकृत महिलाहरुका लागि आर्थिक आत्मनिर्भर कार्यक्रम कार्यान्वयनका लागि कार्यविधि निर्माण भएको।
- खोजमूलक पत्रकारिताका लागि महिला पत्रकारहरुलाई लेखन वृत्ति कार्यक्रम सम्पन्न भएको।
- अपाङ्गता सम्बन्धी नीति मस्यौदा तयार भएको।
- NTV इटहरीसँग सम्झौता गरी संकेतिक भाषा समाचार प्रसारण भइरहेको।
- प्रदेश प्रमुख दन्त उपहार कार्यक्रम कार्यान्वयनका लागि स्थानीय तह छनोट गरी वित्तीय हस्तान्तरणका लागि आर्थिक मामिला तथा योजना मन्त्रालय पठाइएको।
- मन्त्रालयको परिसरमा दोभाषे व्यवस्था सहित अपाङ्गता सहायता कक्ष सञ्चालनमा रहेको।

६.३.३ शिक्षा

- विद्यालयको भौतिक पूर्वाधार विस्तारका लागि विद्यालयसँग सम्झौता भई ११४ वटा विद्यालयलाई पहिलो किस्ता बापतको ८०% रकम निकासा भइसकेको।
- स्मार्ट कक्षा व्यवस्थापनका लागि ७२ वटा विद्यालय छनोट भई सम्झौता भइसकेको र रकम निकासाको चरणमा रहेको।
- आधारभूत विद्यालयलाई बालमैत्री विद्यालय विकासका लागि प्रस्ताव आव्हान गरिएको।
- माध्यमिक विद्यालयमा स्काउट विकासका लागि प्रस्ताव आव्हान गरिएको।
- प्रदेश शिक्षा क्षेत्र विकास योजना निर्माणका लागि समिति गठन गरिएको।
- माध्यमिक तहमा विज्ञान शिक्षक व्यवस्थापनलाई निरन्तरता।
- प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम सम्बन्धी प्रादेशिक नीति कार्यदलबाट तयार गरी मन्त्रालय समक्ष पेश भएको।
- साझेदार प्राविधिक शिक्षालयलाई ल्याब व्यवस्थापन तथा शैक्षिक गुणस्तर सुधारका लागि अनुदान उपलब्ध गराउन प्रस्ताव आह्वान गरिएको।
- चुलुङ दुधकोशी प्राविधिक शिक्षालयको भवन निर्माण कार्य भइरहेको।
- मनमोहन प्राविधिक विश्वविद्यालयको भवन निर्माण कार्य भइरहेको।
- प्रदेशभित्र सञ्चालनमा रहेका भाषा शिक्षण र कोचिङ कक्षाहरुको अनुगमन नियमन कार्यविधि निर्माण तथा प्रोफाइल तयारीको काम भइरहेको।
- भौगोलिक विकटता, विद्यार्थी संख्या र कार्यसम्पादन समेतका आधारमा १८ वटा सामुदायिक क्याम्पसहरुलाई पहिलो किस्ता बापतको ८०% रकम निकासा भएको।
- विद्यालयमा स्वच्छ पिउने पानीको प्रबन्धका लागि विद्यालयहरुसँग सम्झौता भई १२३ वटा विद्यालयलाई प्रथम किस्ता बापतको ८०% रकम निकासा गरिएको।
- धार्मिक प्रकृतिका विद्यालयहरुको सञ्चालन तथा व्यवस्थापनका लागि ९ वटा सो प्रकृतिका विद्यालयलाई पहिलो किस्ता बापतको ८०% रकम निकासा गरिएको।
- स्थानीय तहका शिक्षा अधिकृतहरुका लागि शैक्षिक योजना निर्माण तथा IEMIS सञ्चालन सम्बन्धी तालीम प्याकेज निर्माण गरी ९५ जना शिक्षा अधिकृतलाई तालिम दिइसकेको।
- STEM (Science, Technology, Engineering and Mathematics) मा शिक्षकहरुको क्षमता विकास तालिम सञ्चालन भइरहेको।
- विद्यालयमा कार्यरत विभिन्न तहका ५०० जना शिक्षकलाई क्षमता विकास तालिम प्रदान गरिएको।

### ६.३.४ युवा तथा खेलकुद

- दुर्गम तथा पहाडी जिल्लामा आवश्यकताको आधारमा रंगशाला तथा खेलमैदान निर्माण/स्तरोन्नतिका लागि १५ वटा खेलमैदानहरुलाई पहिलो किस्ता वापतको रकम निकासा गरिएको।
- प्रदेश खेलकुद विकास बोर्ड गठन भएको।
- सामुदायिक सिकाइ केन्द्र तथा सार्वजनिक पुस्तकालय सुदृढीकरण कार्यक्रम शिक्षा विकास निर्देशनालयबाट कार्यान्वयन भइरहेको।

## ६.४ शासकीय सुधार, सार्वजनिक सेवा प्रवाह र सुशासन

### ६.४.१ मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

- बजेट तथा कार्यक्रम कार्यान्वयसँग सम्बन्धित प्रदेश मन्त्रालय एवं निकायहरुसँगको अन्तरक्रिया एवं सूचना आदान प्रदानका माध्यमबाट विकास र सुशासनका लागि समन्वय एवं सहकार्यको संस्कृति विकास भएको।
- प्रदेश भित्र भइरहेका समग्र काम र विकाससँग सम्बन्धित गतिविधिलाई निरन्तर अनुगमन गर्ने उद्देश्यले 'मुख्यमन्त्री ड्यासबोर्ड' स्थापना ।
- PLGSP र PSP अन्तर्गत सुशासन विकास, क्षमता अभिवृद्धि, जवाफदेही प्रशासनिक प्रकृया, विद्युतीय प्रशासन र नागरिक अनुगमन सम्बन्धी गतिविधिहरु मार्फत संस्थागत एवं मानवीय क्षमता विकास भएको ।
- "जनतासँग मुख्यमन्त्री रेडियो र टेलिभिजन कार्यक्रम" मार्फत जनताका गुनासाहरु सम्बोधन गर्ने गरिएको ।
- कोभिड-१९ को महामारी रोकथाम नियन्त्रणमा प्रभावकारी रुपमा समन्वयात्मक कार्यहरु गरेको।
- प्रदेश भित्र भइरहेका समग्र काम र विकाससँग सम्बन्धित गतिविधिहरुको निरन्तर अनुगमन मुल्याङ्कन गरेको।
- प्रदेश लगानी प्रधिकरणलाई निःशर्त तथा कोरोना जनसुरक्षा कोषलाई सःशर्त अनुदान प्रदान गरिएको।
- प्रदेश सरकार, मन्त्रिपरिषद्को बैठक व्यवस्थापन तथा बैठक सम्बन्धी अभिलेख व्यवस्थापनमा सुधार। प्रदेश सरकार, मन्त्रिपरिषद्को बैठक २०७८ साल श्रावण देखी २०७८ पुष मसान्तसम्म २४ वटा बसेको।
- क्षमता विकास सम्बन्धी विभिन्न कार्यक्रमहरु सम्पन्न ।
- प्रदेश सरकारको वार्षिक उपलब्धि सार्वजनिकीकरण तथा पुस्तक प्रकाशन ।

प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम (**PLGSP**)

- प्रदेश सरकारलाई आवस्यक ऐन कानुन तथा कार्यविधि तर्जुमा सहयोग अन्तर्गत चारवटा कानुन निर्माणको निम्ति कार्यदल गठन भई काम सुरु भएको।
- प्रदेश सभाको विधायन समिति सहित अन्य विषयगत समिति र कर्मचारीहरुलाई कानुन तर्जुमा सम्बन्धि अभिमुखीकरण तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको।

- प्रदेश सरकार र स्थानीय सरकारहरु बीच प्रमुख ऐन र कानुनहरु पहिचान सम्बन्धि परामर्श कार्यक्रम सम्पन्न भई प्रदेश सरकार को लागि १४ र स्थानीय सरकारहरुको लागि १५ नमुना कानुन पहिचान गरि सुची तयार भएको।
- प्रदेश वित्तिय सुशासन जोखिम मुल्याङ्कन तथा न्यूनिकरण कार्ययोजना कार्यविधिमाथि परामर्श छलफल भई मस्यौदा तयारी भएको।
- प्रदेश सरकारका मन्त्रालयहरु तथा निकायहरुमा कार्यरत कर्मचारीहरुलाई ICT tools र trends बारे क्षमता विकासका अभिमुखीकरण सम्पन्न भएको।
- प्रदेश पोर्टलको स्तरोन्नतिका लागि परामर्श तथा छलफल गरि अवधारणा पत्र तयारी गरिएको।
- सिर्जनशील साझेदारी कोष बोर्ड स्थापना र सञ्चालनमा ल्याइएको।
- प्रदेश सरकारहरुमा अफिस अटोमेसन system Roll Out गरिएको ।

प्रदेश सहयोग कार्यक्रम

- प्रदेश सरकारको कानुन निर्माण प्रकृयाको अध्ययन र प्रतिवेदनमा सहयोग ।
- स्थानिय तहहरुको आवधिक योजना, मध्यकालीन खर्च संरचना र राजश्व सुधार योजना निर्माणमा सहयोग ।
- प्राविधिक कर्मचारीहरुको लागि तीन दिवसीय सार्वजनिक खरिद तथा करार व्यवस्थापन तालिम आयोजना गर्न सहयोग ।
- प्रदेश सभाका विषयगत समितिका कर्मचारीहरुका लागि बैठक सञ्चालन तथा निर्णय प्रकृया, विधेयकहरु उपर दफावार छलफल प्रकृया, माईन्युट तथा प्रतिवेदन लेखन र संसदिय निगरानी सम्बन्धि तिन दिवसिय तालीम सञ्चालनमा सहयोग।
- स्थानिय तहहरुका लागी दुई दिवसीय भवन संहिता कार्यान्वन गोष्ठि संचालनमा र सहयोग सम्झौता निर्माणमा सहयोग ।
- प्रदेश सरकारका कार्यालयहरुबाट एकद्वार सेवा संचालनका लागि परामर्श अध्ययनमा सहयोग ।
- प्रदेश नं. १ को संगठन र व्यवस्थापन सर्वेक्षण मस्यौदा प्रतिवेदन हस्तान्तरण ।
- प्रदेश नं १ सरकारको डिजिटल प्रदेश मिशन र एप्रोचपेपरको अन्तिम मस्यौदा हस्तान्तरण ।
- प्रदेश नं १ सरकारको ई-गभर्नेन्स रोडम्यासको अन्तिम मस्यौदा हस्तान्तरण ।
- प्रदेश नं. १ सरकारको ई-रेडिनेस एस्सेसमेण्ट एप्रोच पेपर अन्तिम मस्यौदा हस्तान्तरण ।
- प्रदेश नं. १ मा सफ्टवेयर सर्विस सेक्टर ईकोसिस्टम सवलीकरण पोलिसि नोट हसतान्तरण ।
- तिन तहको सरकारको योजना तथा बजेट निर्माण अभ्यासको अध्ययन प्रतिवेदन ।
- चार जना विषयविज्ञ र एक जना लेखा अधिकृतको नियुक्ति ।
- प्रदेश सभाकालागी डिजिटल साक्षरता संचालनमा सहयोग ।
- भवन संहिता कार्यान्वयनमा प्रदेश सरकार सँग सहकार्य गर्न दोस्रो चरणका स्थानिय तहहरुको म्यापिङ्गमा सहयोग।

प्रदेश प्रशीक्षण केन्द्र

- स्थानीय तहहरुलाई देहायका बिभिन्न तालिम तथा अभिमुखिकरण कार्यक्रम सम्पन्न।
- LISA-137, Fiduciary Risk Reduction Action Plan- FRRA Orientation & TOT-137
- राजश्व सुधार योजना तयारी, स्थानीय तहको क्षमता विकास वित्तीय योजना निर्माण।

- प्रदेश सरकारका कार्यालय सहयोगीहरुलाई प्रभावकारी सेवा प्रवाह र कार्य जिम्मेवारी सम्बन्धी तालिम।
- स्थानीय तहको मागमा आधारित तालिम (GIS application and data visualization training to IT officers)
- IT officers हरुको क्षमता विकाश तालिम, नयाँ नियुक्त कर्मचारीहरुको सेवा प्रवेश तालिम
- योजना तर्जुमा बजेटिङ्ग तथा नतिजामा आधारित अनुगमन तालिम
- सार्वजनिक खरिद व्यवस्थापन तालिम, स्थानीय तहको लै.स.सा.स. परिक्षण
- प्रदेश सरकारका सवारीचालकहरुका लागि क्षमता विकास तालिम
- प्रदेश सरकारका कार्यालय सहयोगीहरुलाई प्रभावकारी सेवा प्रवाह र कार्य जिम्मेवारी सम्बन्धी तालिम।
- प्रदेश मन्त्रालयका महाशाखा/शाखाका कर्मचारीहरुलाई लैंगिक उत्तरदायीबजेट निर्माण सम्बन्धी अभिमुखीकरण/तालिम
- लै.स.सा.स. रणनीतिक योजना निर्माण र लै.स.सा.स. परिक्षण प्रशिक्षक प्रशिक्षण कार्यक्रम

### ६.४.२ प्रदेश सभा सचिवालय

- प्रदेश सभाले बनाएका कानूनको कार्यान्वयन स्थिति सम्बन्धमा ४ जिल्लामा संक्षिप्त अन्तरक्रिया र छलफल कार्यक्रम सम्पन्न भएको।
- प्रदेश सभाको सुरक्षार्थ एकवटा हाई पोष्ट निर्माण गरिएको ।
- नवनिर्मित प्रदेश सभाहल तथा सचिवालयको लागि आवश्यक विद्युत आपूर्ति नियमित गर्न सचिवालय कम्पाउण्डभित्र ३०० केभिए क्षमताको विद्युत ट्रान्सफर्मर जडान गरी सञ्चालनमा आएको।
- नवनिर्मित सभाहलको सुरक्षार्थ कम्पाउण्डवाल व्यवस्थित गर्ने लगायतका विभिन्न संरचना निर्माण तथा अन्य संरचनागत सुधार कार्यको लागि निर्माण प्रक्रिया अगाडि बढाइएको।

### ६.४.३ आन्तरिक मामिला तथा कानून

- प्रदेश कानून तर्जुमा र कार्यान्वयन सम्बन्धमा कानुन र न्यायसँग सम्बन्धित व्यक्तिहरुसँग अन्तरक्रिया कार्यक्रम, कानून मस्यौदा निर्माण सम्बन्धी छलफल।
- प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, केही प्रदेश ऐन ऐनलाई संशोधन गर्न बनेको विधेयक तर्जुमा।
- संखुवासभामा मुख्यमन्त्री अत्यावश्यक सेवा केन्द्र स्थापनाको लागि वारुणयन्त्र र प्रहरी भ्यान हस्तान्तरण गरी पठाईएको ।
- मुख्यमन्त्री अत्यावश्यक सेवा केन्द्र स्थापनाको लागि विराटनगर म. न.पा. र देवानगंज गा.पा.मा वारुणयन्त्र हस्तान्तरण गरी पठाईएको ।
- निर्माणाधीन क्रमागत प्रहरी चौकी भवन निर्माणको बजेट अख्तियारी प्रदान गरिएको ।
- विपत गोदाम घर तथा आवास गृहको Drawing, डिजाईन र बोलपत्र भई सम्झौताको प्रकृयामा रहेको।

- थुनुवा तथा कैदी बन्दीका संविधान प्रद्धत हक अधिकारको वर्तमान अवस्था र सुधार गर्नु पर्ने पक्षहरु सँग सम्बन्धी अन्तरकृया कार्यक्रम सम्पन्न ।
- निर्माणाधिन प्रहरी चौकिहरुको अवस्थाको सम्बन्धमा ५ जिल्लाको समिक्षा तथा अनुगमन।
- प्रहरी भवन, हिरासत कक्ष तथा कारागारको विद्यमान अवस्था तथा सुधार गर्नुपर्ने पक्षको विषयमा ४ जिल्लामा अन्तरक्रिया सम्पन्न ।
- निर्मित सार्वजनिक सम्पत्तिको मर्मत सम्भारका लागि माग संकलन भई संघीय कार्यालय मार्फत कार्यान्वयनका लागि अख्तियारी प्रदान गर्ने प्रक्रिया अगाडि बढाइएको।

६.४.४ विपद् व्यवस्थापन

- प्रदेश विपद व्यवस्थापन नीति मस्यौदा तयार गरि स्वीकृतिका लागि प्रदेश सरकार, मन्त्रिपरिषद् समक्ष प्रस्ताव पेश गरिएको ।
- कोशी कटान प्रभावित बेलका नगरपालिका उदयपुर र मोरङ जिल्लाका बाढी पीडितलाई त्रिपाल ३०० थान र कम्बल ३०० थान उपलब्ध गराईएको ।
- जिल्ला प्रशासन कार्यालय मोरङलाई २५० थान त्रिपाल र ५०० थान कम्बल १० रोल नाईलन डोरी हस्तान्तरण गरिएको ।जिल्ला प्रशासन कार्यालय सुनसरीलाई ४०० कम्बल हस्तान्तरण गरिएको ।
- जिल्ला प्रशासन कार्यालय सुनसरीलाई ६ थान तथा लागु औषध ब्युरोलाई १ थान टेण्ट हस्तान्तरण गरिएको ।
- नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरीलाई विपद खोज उद्धारका सामग्रीहरु हस्तान्तरण गरिएको ।
- प्रदेश विपद व्यवस्थापन परिषद्को मिति २०७८/०७/०१ गते बसेको बैठकले बाढी पहिरोमा परि मृत्यु भएको परिवारलाई रु.१ लाख दिने निर्णय भई तथ्याङ्क संङ्कलनको कार्य भईरहेको।
- कार्तिक पहिलो हप्ताको वर्षादबाट आएको बाढीबाट ज्यान गुमाउने सुनसरी, पाँचथर, इलाम लगायतका जिल्लाका मृतकहरुलाई प्रति परिवार रु.१ लाखका दरले रु.३८,००,०००/- राहत वितरण गरिएको। अन्य मृतकको राहत वितरण प्रकृयामा रहेको ।
- विपद जोखिम न्यूनिकरण मूलप्रवाहीकरण सम्बन्धी अन्तरकृया तथा छलफल कार्यक्रम सम्पन्न भएको ।
- आगलागी भई पिडित भएका परिवारलाई रु.३३,६०,०००/- राहत रकम वितरण गरिएको।

६.४.५ सूचना समन्वय तथा प्रशारण तर्फ

- नेपाल टेलिभिजन इटहरीसँग प्रदेश डायरी कृषि कार्यक्रम र आर्थिक बहस कार्यक्रम सम्झौता भई प्रसारण भएको ।
- रेडियो नेपाल प्रदेशिक प्रसारण धनकुटासँग प्रदेश डायरी प्रशारण सम्झौता भई प्रसारण भएको ।
- विभिन्न जिल्लामा अवस्थित १०० वाट भन्दा माथि १००० वाट क्षमताका एफ.एम., रेडियोहरुको अनुगमन तथा निरीक्षण गरिएको ।
- पौष मसान्तसम्म यस प्रदेशका २५ वटा संचार माध्यमहरुले नियमानुसार रोयल्टी बुझाएको।

६.४.६ प्रदेश लोक सेवा आयोग

- स्थानीय सरकारी सेवाका विभिन्न १४ वटा पदहरुको लिखित परीक्षा संचालन गरिएको।
- उक्त सेवाका विभिन्न ११ वटा पदहरुको लिखित परीक्षाको नतिजा प्रकाशन गरिएको।
- विभिन्न ९ वटा परीक्षाहरुवाट लिखित तथा अन्तर्वार्ता सम्पन्न भई १८२ जना उमेद्वार सिफारिस भएका र अन्य पदहरुको लिखित परीक्षाको नतिजा प्रकाशनको तयारी भई रहेको।
- स्थानीय सरकारी सेवाका अप्राविधिक तर्फका विभिन्न ५ वटा पदहरुको लागि २७३ वटा दरवन्दीमा पदपूर्तिको लागि विज्ञापन प्रकाशन गरि सकिएको।
- केही स्थानीय तहहरुले आयोगको परामर्श विना विज्ञापन/सूचना प्रकाशन गरी गरेको पदपूर्ति तथा तह वृद्धि सम्बन्धी सम्पूर्ण कार्य प्रचलित कानूनको मर्म र भावना विपरित भएको ठहर गरी सो सँग सम्बन्धित निर्णहरु बदर गरिएको।

६.४.७ मुख्यन्यायाधिवक्ताको कार्यालय

- न्यायिक समितिसँगको अन्तरक्रिया कार्यक्रम २ जिल्लामा सम्पन्न ।
- उच्च अदालतका न्यायाधीश, सरकारी वकिल एवम् वारएशोसिएशनसँग कानून निर्माण, कार्यान्वयन र परिमार्जन सम्बन्धी कार्यक्रम सञ्चालन ।
- न्यायिक कार्यहरु: प्रतिरक्षा, मुद्धा व्यवस्थापन, बहस पैरवी- ९४ मुद्धामा प्रतिरक्षा भईरहेको ।
- न्यायिक हिरासत एवम् प्रहरी हिरासतको अनुगमन सुपरीवेक्षण गरी सुझाव एवम् निर्देशन समेत प्रदान गरिएको ।

# परिच्छेद सात

## बहुवर्षीय आयोजनाको बाँकी दायित्व सम्बन्धी विवरण

संघबाट हस्तान्तरण भएका आयोजनाहरु र प्रदेश सरकार गठन भए पश्चात विगत आर्थिक वर्षहरुमा आर्थिक मामिला तथा योजना मन्त्रालयबाट समेत स्रोत सहमति भई प्रदेश सरकार मातहतका कार्यालयहरुबाट सञ्चालित बहुवर्षीय आयोजनाहरुको कुल लागत अनुमान करिब रु.५९ अर्ब ८८ करोड ८९ लाख रहेकोमा खरिद प्रक्रियामा गएर यो प्रतिवेदन तयार गर्ने अवधिसम्म प्राप्त विवरण अनुसार ठेक्का सम्झौताभई दायित्व सृजना भएको रकम जम्मा रु.४४ अर्ब ३१ करोड ५५ लाख रहेको छ।

तालिका ९.१ बहुवर्षीय आयोजनाको दायित्व सम्बन्धी विवरण

(रकम रु.लाखमा)

| मन्त्रालय | सिर्जित कुल दायित्व | आ.व.२०७६/७७ सम्मको भुक्तानी | आ.व.२०७७/७८ सम्मको भुक्तानी | बाँकी दायित्व | आ.व.२०७८/७९ को विनियोजन |
|---|---|---|---|---|---|
| भौतिक पुर्वाधार विकास मन्त्रालय | ४२३७७९ | ८३१६० | १५२५७७ | २७१२०२ | ६१३५२ |
| आन्तरिक मामिला तथा कानुन मन्त्रालय | १२३२५ | ६७८३ | १०६५१ | १६७४ | ९४३ |
| उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय | ७०५१ | ७२ | २१८२ | ४८६९ | १६३० |
| जम्मा | ४४३१५५ | ९००१५ | १६५४१० | २७७७४५ | ६,३९,२५ |

स्रोतः सम्बन्धित विषयगत मन्त्रालय

माथिको तथ्याङ्क अनुसार बहुवर्षीय आयोजनाको रुपमा कार्यान्वयनमा रहेका आयोजनाहरुको ठेक्का सम्झौता, मूल्यसमायोजन, कन्टिन्जेन्सी लगायतबाट सिर्जित दायित्व रु.४४ अर्ब ३१ करोड ५५ लाख मध्ये भौतिक पूर्वाधार विकास मन्त्रालयको सिर्जित दायित्व सबैं भन्दा बढी रु.४२ अर्ब ३७ करोड ७९ लाख रहेको छ। भौतिक पूर्वाधार विकास मन्त्रालय अन्तरगतको बहुवर्षीय दायित्व मध्ये सडक तर्फ सिर्जित दायित्व रु.३४ अर्ब ३५ करोड २० लाख रहेको छ।

उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय अन्तरगत पर्यटन पूर्वाधार विकास आयोजनाहरु ४ वटा र विभिन्न डिभिजन/सब डिभिजन वन कार्यालयहरुको भवन निर्माणका लागि बहुवर्षीय रुपमा आयोजना सञ्चालनमा रहेका छन्। आन्तरिक मामिला तथा कानून मन्त्रालयले विगत आर्थिक वर्षमा प्रदेश नं.१ प्रहरी कार्यालय लगायत विभिन्न जिल्ला तथा इकाई प्रहरी कार्यालयहरुको ४९ वटा प्रहरी चौकी निर्माणका लागि बहुवर्षीय खरिद प्रक्रियाबाट निर्माण सुरु भएकोमा आ.व.२०७७/७८ सम्ममा ४२ सम्पन्न र बाँकिको ६०%कार्य सम्पन्न भएको छ।

बहुवर्षीय आयोजनाहरुमा स्रोत व्यवस्थापन चुनौती

- बहुवर्षीय आयोजनामा पर्याप्त बजेट विनियोजन भएको छैन। अधिकांश आयोजनामा ज्यादै न्यून विनियोजन भएको छ।
- निर्माणाधीन आयोजनाहरुको बाँकी दायित्व करिब रु.२७ अर्ब ७७ करोड भन्दा बढी रहेको छ।
- अधिकांश आयोजना यस वर्ष वा आगामी वर्षमा सकिने गरी सम्झौता गरिएका छन् । काम गरे अनुसार भुक्तानी गर्न नसक्दा आयोजना समयमा नसकिने। आयोजनाहरु अधुरो रहने। उपलब्धि नदेखिने।
- म्याद थप गर्दा वा समयमा सम्पन्न नहुँदा आयोजनामा मूल्यसमायोजन लगायतका दायित्व आगामी वर्षहरुमा थपिँदै/सर्दै जाने।
- निर्माणाधीन बहुवर्षीय आयोजनाहरु अधिकांश चालु र आगामी आर्थिक वर्षमा सम्पन्न हुने चरणमा रहेको हुँदा सम्पन्न कार्यको बिल भुक्तानी गर्न स्रोत व्यवस्थापन चुनौतीपूर्ण रहेको छ।

बहुवर्षीय आयोजनाहरुको दायित्व व्यवस्थापनका लागि पहल गर्नुपर्ने:

- प्रदेशको बजेटमा बचत हुने वा समर्पण गरिने रकमलाई अन्यत्र खर्च नगरी बहुवर्षीय आयोजनाको भुक्तानीमा केन्द्रित गर्नुपर्ने।
- संघ अनुदान माग गर्दा वा प्राप्त अनुदान बाँडफाँट गर्दा ठेक्का सम्झौता भईसकेका बहुवर्षीय आयोजनालाई प्राथमिकता दिई विनियोजन गर्ने।
- स्रोत सहमति भएका तर ठेक्का सम्झौता भई नसकेका आयोजनाहरुलाई तत्काल अगाडि नबढाउने।
- निर्माणाधीन बहुवर्षीय आयोजनाहरुको स्थिति विश्लेषण, वर्गीकरण र पुनःप्राथमिकीकरण गर्नुपर्ने।
- प्रदेशमा बहुवर्षीय दायित्व अत्यधिक रहेको अवस्थामा यसको दिगो व्यवस्थापन नहुन्जेल हाललाई थप बहुवर्षीय आयोजनाको प्रक्रिया अगाडि नबढाउने।

## परिच्छेद- आठ

## बजेट कार्यान्वयनमा देखा परेका समस्या एवम् चुनौतीहरु

- अविरल वर्षात बाढीपहिरोले गर्दा पूर्वाधार आयोजनाहरुमा क्षति भएको तर मन्त्रालयमा विपद प्रतिकार्यको लागि छुट्टै बजेट उपशीर्षक नरहेकोले सम्बोधनमा समस्या रहेको।
- बहुवर्षीय स्रोत सुनिश्चितता बमोजिम वार्षिक बजेट विनियोजन नभएकोले तोकिएको समयमा आयोजना सम्पन्न गर्न कठिनाई भएको ।
- अधिकांश बहुवर्षीय आयोजनाहरुको ठेक्का समयावधिको ५०% भन्दा बढी म्याद थप गर्नु पर्ने देखिएको।
- संघिय सशर्त तर्फका आयोजनाहरुको निरन्तरतामा हुने/नहुने द्विविधा स्रोत सुनिश्चितता तथा बहुवर्षीय योजना स्विकृती को प्रकृयामा समस्या रहेको।
- संघिय सशर्त अनुदानबाट सञ्चालित कार्यक्रम संशोधन/रकमान्तर जटिल रहेको।
- खानेपानी आयोजना संरचना निर्माण कार्यको लागि आवश्यक जग्गा निशुल्क उपलब्ध हुन कठिन भएको।

- आयोजनासँग सम्बन्धित वातावरणीय अध्ययन स्वीकृत भई केही सडक तथा पुल आयोजनाहरूमा पर्ने रुख कटानको स्वीकृति लिन लामो प्रक्रिया तथा समय धेरै लाग्ने देखिएको ।
- खानेपानी तथा सरसफाई क्षेत्रमा आधारभूत खानेपानी सुविधामा मात्र केन्द्रित भएको र उच्च-मध्यम स्तरका खानेपानी आयोजनामा बजेट विनियोजन नभएको।
- संघ, प्रदेश तथा स्थानीय सरकारको विकास कार्यक्रम तथा आयोजना बाँडफाँड तथा वर्गीकरण मापदण्ड २०७६ अनुसार विकास योजनाहरुको कार्यान्वियन हुन नसक्नु।
- अन्तर निकाय समन्वयको कमी (खानेपानी,विद्युत, टेलिफोन) ।
- केन्द्रबाट हस्तान्तरित भएर आएका आयोजनाहरुको आर्थिक स्रोत अभावका कारण सम्पन्न गर्न समस्या भएको ।
- निर्माण सामग्री परीक्षणको लागि प्रादेशिक गुणस्तर परीक्षण प्रयोगशालाको अभाव रहेको।
- आयोजनाहरुको गुणस्तरीयता परीक्षण गर्ने प्रणाली र त्यसका लागि पर्याप्त स्रोत साधनको अभाव रहेको।
- निर्माण सामग्री उपलब्धतामा कठिनाई रहेको (खोला, खोल्सामा भर पर्नुपरेको)
- वैज्ञानिक वन व्यवस्थापन कार्यविधि, २०७१ खारेजी पश्चात कार्यविधिमा आधारित साझेदारी तथा सामुदायिक वनहरुको कार्ययोजना कार्यान्वनहुन नसकेको ।
- जथाभावी ढुङ्गा गिटीको उत्खनन, स्थानीय तहले ठेक्का लगाउन थालेको ।
- डिभिजनल वन अधिकृतहरुले कानूनी अस्पष्टताले गर्दा वन ऐन २०७६ अनुसार मुद्दा कारवाही र किनारा, चोरी निकासी तथा अतिक्रमण नियन्त्रणको लागि आवश्यक बल प्रयोग गर्न नसक्ने अवस्था रहेको।
- सङ्घीय निजामती सेवा ऐन जारी नहुँदा प्रदेश निजामती सेवा ऐन तर्जुमा तथा जनशक्ति व्यवस्थापनको लागि ठोस कार्य गर्न नसकिएको।
- प्रदेश मन्त्रालय र अन्तर्गतका निकायमा माग बमोजिम जनशक्ति व्यवस्थापन गर्न नसकिएको कारण लक्षित कार्यक्रमहरुबाट उपलब्धी हासिल गर्न कठिनाइ भएको ।
- वार्षिक कार्यक्रम कार्यान्वयनमा विश्वव्यापी रुपमा फैलिएको कोभिड-१९ महामारीले असर परेको।
- प्रदेश सरकार स्रोत समावेश भएको बजेटको तुलनामा संघ सशर्त, समपूरक र विशेष अनुदान स्रोत रहेको बजेटको खर्च न्यून रहेको ।
- सशर्त अनुदान अन्तर्गतको वैदेशिक स्रोत समावेश आयोजना वा कार्यक्रमको प्रगति विवरण सम्बन्धित निकायमा समयमै नपठाउँदा अनुदान प्राप्ति,शोधभर्ना र भुक्तानीमा समस्या भएको ।
- संघीय सरकारबाट प्राप्त हुने स्वास्थ्यसँग सम्बन्धित बजेट तथा कार्यक्रम सीधै संघबाट सम्बन्धित कार्यालयहरुमा प्रविष्टी भएकाले समान प्रकृतिका कार्यक्रम दोहोरिएको र कार्यान्वयनमा समस्या भएको।
- बजेट तथा कार्यक्रम कार्यान्वयनका लागि प्रदेशका कतिपय मन्त्रालय अन्तर्गत निकाय/ कार्यालय नहुनु, पूर्वाधार निर्माण सम्बन्धी कामलाई सहजीकरण गर्न प्राविधिक कर्मचारी नहुनु।
- विगतका प्रभावकारी कार्यक्रमले निरन्तरता नपाउनु, माग अनुसारको क्रियाकलाप सञ्चालन गर्नका लागि पर्याप्त बजेटको व्यवस्थापन नहुनु।

- बजेट कार्यान्वयन कार्ययोजना खरिद योजना/गुरुयोजना अनुसार कतिपय निकायको कार्य प्रारम्भ नभएको।
- पहिलो त्रैमासिकसम्ममा खरिद प्रक्रिया अगाडि बढाइसक्नुपर्नेमा कतिपय आयोजनाको लागत स्टिमेट लगायत प्रारम्भिक कार्य नै सुरु नभएको।
- आर्थिक कार्यविधिको परिपालना वित्तीय अनुशासनमा ह्रास आई बेरुजु एवम् अनियमितता बढ्दै गईरहेको।
- आन्तरिक नियन्त्रण प्रणाली र प्रभावकारी अनुगमन मूल्याङ्कनको कमी।
- आयोजनाको कन्टिन्जेन्सी खर्च गर्ने सम्बन्धी मापदण्ड नभएको। आवश्यक नपर्नेमा पनि कन्टिन्जेन्सी छुट्याई गैहबजेटरी खर्च गर्ने प्रवृत्ति देखिएको।
- नेपाल सरकार क्षेत्राधिकारमा वा उक्त तहले खर्च व्यहोर्ने क्षेत्रमा समेत प्रदेशले आयोजना/कार्यक्रममा बजेट विनियोजन हुने।
- प्रदेशका मन्त्रालय/कार्यालयहरुबाट हुने कार्यको लागि पनि छुट्टै स्वायत्त संस्था वा निकाय वा संरचना स्थापना गर्ने प्रवृत्ति।
- प्रदेश अन्तरगतका जनशक्तिबाट सम्पादन हुन सक्ने कार्यको लागि सेवा परामर्शमा बजेट विनियोजन तथा खर्च हुने गरेको।
- आयोजना/कार्यक्रम प्राथमिकीकरण र छनौट प्रणाली प्रभावकारी नभएको र आयोजना बैंक सञ्चालनमा ल्याउन नसकिएको।
- सवारी साधन उपयोगको प्रभावकारी व्यवस्थापन हुन नसकेको।
- प्रदेश सरकारको सम्पत्तिको अभिलेख र व्यवस्थापन प्रभावकारी हुन नसकेको आदि। ।

# परिच्छेद – नौ

# बजेट कार्यान्वयन प्रभावकारी बनाउनका लागि गर्नुपर्ने कार्य

## ९.१ बजेट तर्जुमा तथा कार्यान्वयन

- खर्च नहुने रकम बाँडफाँट हुन बाँकी एकमुष्ट विनियोजित रकम अन्यत्र खर्च नगरी बहुवर्षीय वा क्रमागत आयोजनामा प्राथमिकता दिने।
- निर्माणाधीन बहुवर्षीय आयोजनाहरुको बाँकी भुक्तानी व्यवस्थापनमा केन्द्रित भएर बजेट कार्यान्वयन गर्ने गराउने।
- आर्थिक कार्यविधि सम्बन्धी कानूनको पूर्ण पालना गरी वित्तीय अनुशासन कायम गर्ने।
- सार्वजनिक खर्चमा मितव्ययिता अवलम्बन गरी अनावश्यक खर्चहरु कटौती गर्ने।
- आयोजना/कार्यक्रम जेष्ठ मसान्तसम्ममा सम्पन्न हुने गरी कार्यान्वयन गर्ने ।
- आवधिक योजना अनुरुप मध्यकालीन खर्च संरचनाको प्रयोगलाई प्रभावकारी बनाउने ।
- आवश्यकता, औचित्य, क्षेत्रीय र भौगोलिक सन्तुलन, प्राथमिकीकरणको आधारमा व्यवस्थित आयोजना छनौट प्रणाली, आयोजना बैंकको स्थापना गर्ने ।

- योजना, बजेट तथा कार्यक्रम तर्जुमा दिग्दर्शन, २०७६ बमोजिम आयोजना/कार्यक्रम छनौट प्रणाली अवलम्बन गर्ने ।
- आन्तरिक तथा अन्तिम लेखापरीक्षण प्रभावकारी बनाई वित्तीय अनुशासनलाई सबल बनाउने ।
- कार्यक्रम तथा परियोजना कार्यान्वयनको भौतिक र वित्तीय प्रगतिको रिपोर्टिङलाई यथार्थ परक बनाउने ।
- गैर बजेटरी खर्च गर्ने प्रवृत्तिलाई निरुत्साहित गर्ने ।
- बेरुजु न्यूनीकरण गर्ने, सो को लगत राख्ने, फर्स्यौट तथा असुल उपर सम्बन्धी कार्य गर्ने गराउने।
- खर्चको मापदण्डमा एकरुपता,आवास प्रयोजनको घरभाडाको उचित व्यवस्थापन गर्नुपर्ने।
- उच्च पदाधिकारीहरुसँग भएको कार्य सम्पादन सम्झौता अनुसार कार्य भए नभएको समीक्षा/मूल्याङ्कन गर्ने ।
- आयोजनाको गुणस्तर परीक्षण गर्ने प्रणाली स्थापित गरि प्रभावकारीरूपमा कार्यान्वयन गर्ने ।
- संघ प्रदेश तथा स्थानिय सरकारले विकास योजनाहरुको कार्यक्षेत्र मापदण्ड अनुसारको योजना मात्र लागु गर्नुपर्ने।
- प्रदेशको सीमित स्रोत र प्रतिवद्ध दायित्व अत्यधिक रहेको विद्यमान परिस्थितिमा प्रदेशको कार्यक्षेत्र भित्र सीमित भएर आयोजना/कार्यक्रम छनौट/स्वीकृत एवम् कार्यान्वयन गर्ने।
- प्रदेशको स्रोतले प्रदेशको कार्यक्षेत्र भित्र र सिर्जित दायित्व भुक्तानीमा स्रोतले धान्न नसक्ने अवस्थामा संघले खर्च व्यहोर्ने क्षेत्रमा बजेट विनियोजन नगर्ने।
- संघ,प्रदेश र स्थानीय तहबाट कार्यान्वियन हुने आयोजनाहरुमा दोहोरोपना हटाउन पर्याप्त समन्वय गर्ने।

## ९.२ स्रोत व्यवस्थापन

- बहुवर्षीय आयोजनाहरुको बाँकी दायित्व र प्रदेशको स्रोतको विश्लेषण गर्दै तिनीहरुको उचित व्यवस्थापनको रणनीति तय गर्नुपर्ने।
- संघ अनुदान माग गर्दा वा प्राप्त अनुदान बाँडफाँट गर्दा ठेक्का सम्झौता भईसकेका बहुवर्षीय आयोजनालाई प्राथमिकता दिई विनियोजन गर्ने।
- आन्तरिक आयको क्षेत्र पहिचान गरी आय स्रोत बढाउन पहल गर्ने ।
- नेपालको संविधानमा भएको व्यवस्था, प्रदेशको एकल अधिकार वा साझा अधिकार सूचिमा रहेका राजस्व संकलन र प्राप्तिमा पहलकदमी बढाउनुपर्ने।
- प्रदेशको स्रोत र दायित्व श्रृजनाको विश्लेषण तथा स्रोत सुनिश्चितता नगरी बहुवर्षीय खरिद प्रक्रिया अगाडि नबढाउने।
- संघ सशर्त अनुदानमा समावेश भएको वैदेशिक सहायताको निकासा वा शोधभर्ना समयमा गर्ने वातावरण बनाउने ।
- संघबाट हस्तान्तरण भई प्रदेशमा निर्माणाधीन र अधुरा आयोजना सम्पन्न गर्न सशर्त अनुदानमा थप रकम उपलब्ध हुन पहल गर्नुपर्ने।

- संघीय कार्यक्रम संशोधन तर्फ प्रदेश आर्थिक मामिला तथा योजना मन्त्रालयलाई उद्देश्यमा फरक नपर्ने गरी कार्यक्रम संशोधन गर्नसक्ने अनुमति प्राप्त हुनुपर्ने ।
- घर जग्गा रजिष्ट्रेशन शुल्कको लागि कारोबार मूल्यको आधारमा संकलन गर्ने नीतिगत व्यवस्था गर्ने।
- प्राकृतिक स्रोत संकलन तथा बिक्रि शुल्कमा नीतिगत एवम् कानूनी सुधार गरी एकरुपता कायम गर्ने।
- मनोरञ्जन कर, विज्ञापन करको दायरा बिस्तार गर्ने।
- वन पैदावर बिक्रि शुल्क र पर्यटन शुल्कमा विविधिकरण गर्ने।
- कृषि आयमा लाग्ने करको अध्ययन गर्नुपर्ने।
- राजस्व चुहावट नियन्त्रणका लागि समिति/कार्यदल गठन
- वैदेशिक सहायता परिचालन सम्बन्धी कार्यविधि तर्जुमा गरी कार्यान्वयन गर्ने।
- प्रदेशको आन्तरिक राजस्व सीमित भएको र खर्चको आवश्यकता बढिरहेको अवस्थामा प्रदेशलाई दिने वित्तीय समानीकरण अनुदान र राजस्व बाँडफाँटको दायरा बढाउन पहल गर्नुपर्ने।
- वैदेशिक स्रोत समावेश भएका आयोजना वा कार्यक्रम कार्यान्वयन, बजेट रोक्का/फुकुवा, प्रगति विवरण र शोधभर्ना माग सम्बन्धमा सशर्त अनुदान प्रदान गर्ने सम्बन्धित निकाय र कार्यान्वयन गर्ने प्रदेश अन्तर्गतका कार्यालयहरु बीच पर्याप्त समन्वय हुनुपर्ने ।
- स्थानीय तह र राजस्व संकलन गर्ने सरकारी कार्यालयको राजस्वको तथ्यांक अद्यावधिक र नियमित गर्ने प्रणालीको व्यवस्थापन गर्ने ।
- प्रदेशमा पहिचानमा रहेका पर्यटकीय स्थलहरुमा आन्तरिक तथा बाह्य पर्यटन विकास र पर्यटन तथा पदयात्रा शुल्क संकलनका लागि स्थानीय तहसँग साझेदारी गर्ने ।
- बैङ्क तथा वित्तीय संस्था,बिमा,धितोपत्र लगायतमा प्रदेशको कार्यक्षेत्र र समन्वय स्पष्ट हुनुपर्ने।
- वैदेशिक सहायता परिचालनमा प्रदेशको कार्यविधि तर्जुमा गर्न समन्वय गर्ने।
- राजस्व चुहावट नियन्त्रणमा प्रदेशको कार्य तथा भूमिका तय हुनुपर्ने।
- मालपोतबाट हुने घरजग्गा रजिष्ट्रेशन शुल्क निर्धारण वास्तविक कारोबार मूल्यमा मूल्याङ्कन गर्ने व्यवस्था गरिनुपर्ने।

## ९.३ वित्तीय उत्तरदायित्व र जवाफदेहिताको परिपालना

- विनियोजित बजेट भन्दा बढीको र स्वीकृत कार्यक्रम भन्दा बाहेकको खरिद प्रक्रिया अगाडि नबढाउने।
- आर्थिक दायित्व हुने विषयमा निर्णय गर्दा वा मन्त्रिपरिषद्मा प्रस्ताव पेश गर्दा आर्थिक मामिला तथा योजना मन्त्रालयको पूर्व स्वीकृति अनिवार्य रुपमा लिने।
- विनियोजन भन्दा बाहेक र यस मन्त्रालयको सहमति विना दायित्व सृजना हुने गरी खर्चको प्रतिबद्धता नजनाउने वा सम्झौता नगर्ने।
- दण्ड र पुरस्कारलाई प्रभावकारी रुपमा लागू गर्ने।
- As Built Drawing पेश भएपछि, नापी किताब प्रमाणित गरेर, खरिद तथा निर्माणको गुणस्तर परीक्षण गरेर मात्र भुक्तानी दिने।

- आम्दानी,खर्च,अनुदानको विवरण मासिक रुपमा सार्वजनिक गर्ने ।
- आयोजना कार्यान्वयन कार्ययोजना,आयोजनाको विवरण सार्वजनिक गर्ने।
- भौतिक प्रगतिको आधारमा मात्र भुक्तानी गरिने व्यवस्था कार्यान्वयन गर्ने।
- कार्यक्रम संशोधन,स्रोत व्यवस्था र PLMBIS प्रविष्टि स्वीकृत भएपछि मात्र कार्य सुरु गर्ने।
- अनुदान सहायता र मागमा आधारित कार्यक्रमलाई कार्यविधि स्वीकृत गराई खुला रुपमा सूचना आह्वान गरी कार्यान्वयन गर्ने।
- विनियोजित बजेट लक्षित उद्देश्य अनुसार कार्यान्वयन हुन नसकेमा सो को सम्बन्धित पदाधिकारीले नै जिम्मेवारी लिनुपर्ने।
- विनियोजन ऐन र बजेट कार्यान्वयनका लागि जारी भएको मार्गदर्शनको परिपालना गर्ने।
- बजेट कार्यान्वयनको नियमित अनुगमन,मूल्याङ्कन गर्ने।
- मासिक/द्वैमासिक रुपमा मन्त्रालय र मातहतको प्रगति समीक्षा गर्ने।
- तोकिएको समय (चैत्र १५ भित्र) मा खर्च नहुने सम्पूर्ण बजेट समर्पण गर्ने।
- आयोजनाको निर्माणकार्य जेठ मसान्तसम्म हुने गरी खरिद योजना कार्यान्वयनमा जोड दिने।
- प्रगति समीक्षामा तथा बेला बेला भएका निर्देशन तथा परिपत्रको कार्यान्वयन गर्ने गराउने आदि।
- बेरुजु न्यूनिकरण र बेरुजु फछ्र्यौटका लागि पहल गर्ने।
- आयोजनाको निर्माण सम्पन्न भएको पाँच वर्षसम्म निर्माण व्यवसायीले नै मर्मतसम्भार गर्नुपर्ने परिपाटीको विकास गर्ने।

## ९.४ सार्वजनिक सेवा प्रवाह प्रभावकारी बनाउन:

- वार्षिक बजेट नीति तथा कार्यक्रमले निर्धारण गरेका लक्ष्य प्राप्तिको लागी कार्यान्वयन गर्न आवश्यक जनशक्तिको व्यवस्थापन गर्नुपर्ने।
- कार्यालय र दरबन्दी संख्यालाई छरितो बनाउन र सूचना प्रविधिको प्रयोग गरी समय/लागत घटाउन पहल गर्नुपर्ने।
- प्रदेशको चालु तथा प्रशासनिक खर्च वृद्धि भईरहेको हुँदा मन्त्रालय एवम् कार्यालयहरुबाट सम्पादन हुन सक्ने कार्यको लागि छुट्टै स्वायत्त संस्था,बोर्ड,आयोग,समिति गठन वा अन्य कुनै संरचना स्थापना नगर्ने।
- प्रदेश अन्तरगतका जनशक्तिबाट सम्पादन हुन सक्ने कार्यको लागि सेवा परामर्शमा खर्च नगर्ने।
- क्षेत्रगत कार्यक्रम कार्यान्वयनको लागी विषयगत मन्त्रालयहरुसँगको समन्वय र सहकार्यलाई अझ प्रभावकारी बनाउनुपर्ने
- अनुगमन र मुल्याङ्कनलाई विकास मापनको प्राथमिकतामा राखी अनुगमन संयन्त्रको विकास गरी नियमित र प्रभावकारी अनुगमन गर्ने व्यवस्था मिलाउनुपर्ने।
- मातहतका कार्यलय नभएका र प्राविधिक जनशक्ति आवश्यक पर्ने मन्त्रालय/निकायको कार्यक्रम प्रभावकारी कार्यान्वयका लागि अन्तर निकाय समन्वय गर्नुपर्ने।
- आयोजना/कार्यक्रम प्राथमिकीकरण र छनौट प्रणालीलाई व्यवस्थित र सहभागितामूलक बनाउन यस सम्बन्धी कार्यविधि तर्जुमा गरी जिल्ला/निर्वाचनक्षेत्रस्तरीय योजना तर्जुमा गोष्ठी सञ्चालन गरिने।
- सार्वजनिक खर्चको मापदण्ड र मितव्ययीता सम्बन्धी निर्देशिका तत्काल जारी गर्ने।

- सडक क्षेत्रमा परेका रुख कटानका लागि नेपाल सरकारबाट प्रदेश सरकारमा अधिकार प्रत्यायोजित हुनुपर्ने।
- अन्तर निकाय समन्वयका लागि अन्तर निकाय ,अन्तर मन्त्रालय नियमित समन्वय बैठक गरी सहजीकरण गर्नु पर्ने।
- प्रदेश सरकारलाई आवश्यक ऐन तथा कानूनहरु द्रुत गतिमा तर्जुमा गर्ने।
- प्रदेश सरकारका मन्त्रालय तथा निकायहरुको नयाँ O & M लाई अन्तिम रुप दिने।
- क्यालेण्डर बनाइ सेवा प्रवाह र विकास निर्माण कार्यको अनुगमनलाई तीव्रता दिने
- अन्तर मन्त्रालय तथा निकायहरु बीचको समन्वयलाई प्रभावकारी बनाउने।
- सवारी साधन,फर्निचर र मेशिनरी औजारमा अति आवश्यक बाहेकमा खरिद नगर्ने।
- पुराना सवारी साधन,मेशिनरी,फर्निचर लगायतका सामाग्रीको लिलाम प्रकिया अगाडि बढाउने।

९.५ सूचना प्रविधिको उपयोग, विकास

- डिजिटल प्रदेशको अवधारणा कार्यान्वयन गर्न प्रणालीहरुको Integration मा समन्वय गर्ने।
- सवारी साधन कर संकलनको लागि online service and payment system बनाउन पहल गर्नुपर्ने।
- प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणाली (PLMBIS) को स्तरोन्नति, क्षमता विकास र सेक्युरिटी अडिट गर्नुपर्ने।
- प्रदेशको एकीकृत सम्पत्ति विवरण तयार गर्न Public Asset Management System (PAMS) को प्रयोगलाई प्रभावकारी बनाउने ।
- स्थानीय तहमा बजेट व्यवस्थापनका लागि प्रयोगमा रहेको Sub-National Treasury Regulatory Application (SuTRA) र प्रदेशले प्रयोग गर्ने प्रणाली बीच Application Programming Interface(API) विकास गर्ने ।
- राजस्व, बजेट एवम् लेखांकन सम्बन्धी सूचना प्रणालीहरुबीच एक अर्कासँग आवद्धता कायम गर्ने।
- बजेट तर्जुमा गर्दा तयार गरिने वार्षिक खरिद योजनालाई Public Procurement Monitoring Office (PPMO) को विद्युतीय सरकारी खरिद प्रणाली (e-GP) सँग आवद्धता गर्न पहल गर्ने।

- प्रदेशका सबै कार्यालयमा प्रयोग हुने समान प्रकृतिका सामग्री खरिदमा एकरुपता कायम गर्न, सामग्रीको गुणस्तर सुनिश्चित गर्न र खरिद कार्यलाई सहजीकरण गर्नका लागि त्यस्ता सामग्रीहरुको Specification Bank तयार गर्ने ।
- यथार्थपरक र कार्यान्वयन योग्य आयोजना र कार्यक्रम तयार गर्न र परियोजना सञ्चालनमा देखा पर्ने cost overrun, time overrun र resource overrun जस्ता समस्या न्यूनीकरण गर्नका लागि Project Management सम्बन्धी Software प्रणाली प्रयोगमा ल्याउने र कर्मचारीहरुलाई Project Management तथा सो प्रणालीको प्रयोग सम्बन्धी तालिम प्रदान गर्ने ।
- प्रदेशको बजेट, लेखांकन तथा प्रतिवेदनको लागि Database तयार गर्नुपर्ने वा प्रयोगमा रहेको प्रणालीहरुमा उच्चतहको पहुँच प्राप्त गर्ने।
- प्रदेशको सार्वजनिक वित्त व्यवस्थापनसँग सम्बन्धित सबै सूचना प्रणालीहरु एकीकृत गर्ने ।

# अनुसूचीहरु

## अनुसूची -१
## २०७८ पौष मसान्तसम्मको मन्त्रालयगत चालु र पूँजीगत खर्चको विवरण

(रकम रु. लाखमा)

| मन्त्रालय/निकाय | बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|
| २०२-प्रदेश व्यवस्थापिका | | | |
| चालु | २१०५ | ८७३ | ४१% |
| पूँजीगत | ११५ | ३८ | ३४% |
| २१०-प्रदेश लोकसेवा आयोग | | | |
| चालु | ७९६ | १८८ | २४% |
| पूँजीगत | १९२ | ७१ | ३७% |
| २१६-मुख्य न्यायाधिवक्ताको कार्यालय | | | |
| चालु | १५८ | ५६ | ३५% |
| पूँजीगत | ८ | ०.२ | ३% |
| ३०१-मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | | | |
| चालु | ९५६८ | १६६१ | १७% |
| पूँजीगत | ६६५ | १३ | २% |
| ३०५-आर्थिक मामिला तथा योजना मन्त्रालय | | | |
| चालु | २२५४० | १९३५७ | ८६% |
| पूँजीगत | १४७ | २८ | १९% |
| ३०७-उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | | | |
| चालु | १३८१३ | ४११५ | ३०% |
| पूँजीगत | १४९८४ | १७४७ | १२% |
| ३१२-भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | | | |
| चालु | २४५१६ | २३६० | १०% |
| पूँजीगत | १८८० | ३३१ | १८% |
| ३१४-आन्तरिक मामिला तथा कानून मन्त्रालय | | | |
| चालु | २६५० | ५१५ | १९% |

| मन्त्रालय/निकाय | बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|
| पूँजीगत | ३३७८ | ११२ | ३% |
| ३३७-भौतिक पूर्वाधार विकास मन्त्रालय | | | |
| चालु | ९०७१ | २९४८ | ३३% |
| पूँजीगत | १२००८४ | २७४५२ | २३% |
| ३५०-सामाजिक विकास मन्त्रालय | | | |
| चालु | ४०५०२ | ११२४६ | २८% |
| पूँजीगत | १०८०९ | २०९८ | १९% |
| ३९१-प्रदेश योजना आयोग | | | |
| चालु | ३७१ | ७४ | २०% |
| पूँजीगत | २० | २ | १२% |
| अर्थ – विविध | | | |
| चालु | १७२३० | - | - |
| ८०१-स्थानीय तह | | | |
| अन्तर सरकारी वित्त हस्तान्तरण | ३२२४२ | १०८१६ | ३४% |
| जम्मा | ३२८१५९ | ८६१८० | |

अनुसूची -२

२०७८ पौष महिनासम्मको खर्चशीर्षकगत बजेट र खर्चको विवरण

रु. लाखमा

| खर्च संकेत नं. | कार्यक्रम खर्च | बिनियोजन | अर्धवार्षिक अवधिको खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| २१००० | पारिश्रमिक/सुविधा | ३१४४९ | ९६२५ | ३१ |
| २२००० | मालसामान तथा सेवाको उपयोग | ५७२७१ | १११११२ | १९ |
| २५००० | सहायता | २३८ | ७८ | ३३ |
| २६००० | अनुदान | ५६३३० | १३८५७ | २५ |
| २७००० | सामाजिक सुरक्षा | १८४९ | ३७१ | २० |
| २८००० | अन्य खर्च (भाडा, अनुदान फिर्ता) | २८४०० | १९२४५ | ६८ |
| ३१००० | पूँजीगत खर्च | १५२३२२ | ३१८९३ | २१ |
| ३२००० | वित्तीय सम्पत्ति | २०० | ० | - |
| ३३००० | दायित्व | १०० | ० | - |
| जम्मा | | ३२८१५९ | ८६१८० | २६.३ |

*स्रोत: प्रदेश लेखा नियन्त्रक कार्यालय*

## अनुसूची -३

## सात प्रदेशको बजेट र खर्चको तुलनात्मक स्थिति

आ.व.२०७८/७९ को प्रथम अर्धवार्षिक अवधिमा भएको खर्चको तुलना गर्दा सबैभन्दा बढी प्रदेश नं.१ मा २६.५४ प्रतिशत खर्च भएको छ। सबैभन्दा कम कर्णाली प्रदेशमा ९.५२ प्रतिशत र मधेस प्रदेशमा १०.८७ प्रतिशत खर्च भएको छ। व्यय अनुमान अनुसारको बजेट र खर्च सम्बन्धी विस्तृत विवरण तल प्रस्तुत गरिएको छ।

प्रदेशगत खर्चको अवस्था

रु.लाखमा

| | प्रदेशको जम्मा | | | चालु | | | पुँजीगत | | | वित्तीय व्यवस्था | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| प्रदेश | प्रदेशको कुल बजेट अनुमान | जम्मा खर्च | जम्मा खर्च प्रतिशत | विनियोजन | खर्च | खर्च प्रतिशत | विनियोजन | खर्च | खर्च प्रतिशत | विनियोजन | खर्च | खर्च प्रतिशत |
| प्रदेश नं. १ | ३२४६९२ | ८६१८० | २६.५४ | १७३८५७ | ५४२८८ | ३१.२३ | १५०५३५ | ३१८९२ | २१.१९ | ३०० | ० | ० |
| मधेश प्रदेश | ३३७९१४ | ३६७२४ | १०.८७ | १५७३३३ | २४००६ | १५.२६ | १८०५८१ | १२७१८ | ७.०४ | ० | ० | ० |
| बागमती प्रदेश | ५७७२०९ | ८७४६५ | १५.१५ | २६०११६ | ५०२१६ | १९.३० | २९७०९३ | ३०२४९ | १०.१८ | २०००० | ७००० | ३५ |
| गण्डकी प्रदेश | ३००६६७ | ४५९७४ | १५.२९ | १३०८२१ | २४३१९ | १८.५९ | १६७३४६ | २१६५५ | १२.९४ | २५०० | ० | ० |
| लुम्बिनी प्रदेश | ४०९५९७ | ६३३११ | १५.४६ | १८४८८१ | ३४८१८ | १८.८३ | २२४७१६ | २८४९३ | १२.६८ | ० | ० | ० |
| कर्णाली प्रदेश | ३६५४६६ | ३४८१० | ९.५२ | १४८९२७ | २१३९३ | १४.३६ | २१६५३९ | १३४१७ | ६.२० | ० | ० | ० |
| सुदूरपश्चिम प्रदेश | ३०३३१५ | ४०७२२ | १३.४२ | १२३८५४ | २५००२ | २०.१९ | १७६४६१ | १५७२० | ८.९० | ३००० | ० | ० |
| जम्मा | २६१८८६० | ३९५१८६ | १५.०९ | ११७९७८९ | २३४०४२ | १९.८४ | १४१३२७१ | १५४१४४ | १०.९१ | २५८०० | ७००० | २७.१३ |

*स्रोत: आर्थिक वर्ष २०७८/७९ को बजेटको अर्धवार्षिक मूल्याङ्कन प्रतिवेदन, अर्थ मन्त्रालय, काठमाडौं।*

## अनुसूची -४

## २०७८ पौषसम्म अर्थ विविधबाट भएको रकमान्तर तथा निकासा विवरण

रु.लाखमा

| सि.नं. | विवरण | निकासा रकम |
|---|---|---|
| १. | विभिन्न निकायका लागि प्रशासनिक खर्च लगायतको चालु खर्च | ४५५.६८ |
| २. | आ.व.२०७७/७८ मा संघ सशर्त,समपूरक र विशेष अनुदानको खर्च नभई बचत रकम सङ्घीय सञ्चित कोषमा फिर्ता दाखिल गर्न | २०००० |
| ३. | बोलपत्र जमानत बापत धरौटी खातामा जम्मा गर्नुपर्ने रकम भूलवश राजस्व खातामा जम्मा हुन गएको धरौटी बापतको फिर्ता गर्न | १.४८ |
| जम्मा | | २०४५७.१६ |

## अनुसूची -५

## बजेट कार्यान्वयनमा प्रभावकारीता कायम गर्न गरिएका परिपत्रहरु

### आर्थिक मामिला तथा योजना मन्त्रालयमा मिति २०७८/०७/०४ गते भएको प्रथम त्रैमासिक प्रगति समीक्षा बैठकका निर्णयहरु

१. प्रत्येक मन्त्रालयले बजेट कार्यान्वयन कार्ययोजनाको प्रगति समीक्षा मासिक रुपमा गर्ने। त्रैमासिक रुपमा प्रगति समीक्षा आर्थिक मामिला तथा योजना मन्त्रालयमा गर्ने।

२. प्रदेशका ठूला एवम् प्राथमिकता प्राप्त आयोजनाहरुको अनुगमन, मूल्याङ्कनको कार्य मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, आर्थिक मामिला तथा योजना मन्त्रालय, प्रदेश योजना आयोगका प्रतिनिधि सहितको टोलीले समय समयमा गर्ने। र सोको प्रतिवेदन तत् मन्त्रालय र विषयगत मन्त्रालयमा पठाउने।

३. बहुवर्षीय आयोजनाको भुक्तानी बाँकी दायित्व कम गर्नमा केन्द्रीत भएर बजेट कार्यान्वयन गर्ने। बाँडफाँट हुन बाँकी एकमुष्ट विनियोजन वा बचत हुने रकमलाई बहुवर्षीय आयोजनाको भुक्तानीमा प्राथमिकता दिने।

४. बहुवर्षीय दायित्व सृजना हुने गरी कुनै पनि कार्य प्रक्रिया अगाडि बढाउनु अघि आर्थिक मामिला तथा योजना मन्त्रालयको पूर्व सहमति अनिवार्य रुपमा लिनुपर्ने।

५. प्रदेशको कार्यक्षेत्र र वित्तीय क्षमता भन्दा बाहिरका आयोजना/कार्यक्रमलाई निरुत्साहन गर्ने।

६. स्वीकृत वार्षिक कार्यक्रम र विनियोजित बजेट भन्दा बाहेक गैह्रबजेटरी खर्च नगर्ने। प्रशासनिक खर्चमा मितव्ययीता अवलम्बन गर्दै अत्यावश्यक बाहेक सवारी साधन, फर्निचर, मेशिनरी औजार खरिद नगर्ने।

७. बजेट कार्यान्वयन सम्बन्धमा तर्जुमा गरिएका कार्यविधिलाई प्रतिस्पर्धात्मक एवम् पारदर्शी बनाउन आवश्यकता अनुसार परिमार्जन गर्ने।

८. वित्तीय अनुशासन कायम गर्न, बेरुजु न्यूनीकरण एवम् बेरुजु फछ्र्यौटमा ध्यान दिने।

९. बजेट कार्यान्वयनका लागि आर्थिक मामिला तथा योजना मन्त्रालयबाट मिति २०७८/०४/०१ मा जारी गरिएको आ.व.२०७८/७९ को बजेट कार्यान्वयन मार्गदर्शनका बुँदाहरुको अनिवार्य रुपमा पालना गर्ने, गराउने।

१०. महत्वपूर्ण नीति निर्माण, दीर्घकालीन एवम् ठूलो आर्थिक दायित्व सृजना हुने विषयमा प्रक्रिया अगाडि बढाउन वा फाइल पठाउनु अघि आर्थिक मामिला तथा योजना मन्त्रालयसँग छलफल गर्नुपर्ने।

प्रदेश सचिव

प्रदेश सरकार

# आर्थिक मामिला तथा योजना मन्त्रालय

प्रदेश नं.१

विराटनगर

फोन नं. [illegible]

प.सं. : ०७८/०७९

च.नं. : ४०५

मिति : २०७८/०८/०३

विषय:- बजेट कार्यान्वयनलाई थप प्रभावकारी बनाउने सम्बन्धमा ।

श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय,
श्री प्रदेश सभा सचिवालय,
श्री प्रदेश लोक सेवा आयोग,
श्री मुख्यन्यायाधिवक्ताको कार्यालय,
श्री उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय,
श्री भूमि, व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय,
श्री आन्तरिक मामिला तथा कानून मन्त्रालय,
श्री भौतिक पूर्वाधार विकास मन्त्रालय,
श्री सामाजिक विकास मन्त्रालय,
श्री प्रदेश योजना आयोग,
श्री प्रदेश लेखा नियन्त्रक कार्यालय,
प्रदेश नं.१, विराटनगर।

प्रस्तुत विषयमा चालु आ.व.२०७८/७९ को बजेट कार्यान्वयनलाई थप प्रभावकारी बनाउन देहायका विषयहरु समेत कार्यान्वयनका लागि मिति २०७८/०८/०३ गतेको (सचिवस्तर) निर्णयानुसार अनुरोध छ।

१. तहाँ मन्त्रालय/निकाय एवम् मातहत कार्यालयहरुबाट वार्षिक खरिद योजना तर्जुमा भए नभएको र सो अनुसारको कार्य प्रगतिको अवस्था खुलाई खरिद योजनाको प्रतिलिपि समेत यस मन्त्रालयलाई उपलब्ध गराइदिनहुन अनुरोध छ।
२. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र आर्थिक मामिला तथा योजना मन्त्रालयको प्रतिनिधिलाई समेत सहभागिता गराई तहाँ मन्त्रालय/निकाय अन्तरगतको बजेट कार्यान्वयन सम्बन्धी मासिक रुपमा प्रगति समीक्षा गर्ने व्यवस्था मिलाउन हुन अनुरोध छ।
३. प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा २८ अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तर्जुमा गरी सोको अनुगमन लेखा उत्तरदायी अधिकृतले गर्ने र आन्तरिक नियन्त्रण प्रणाली कार्यान्वयनका लागि सोही ऐनको दफा २९ बमोजिमको आन्तरिक नियन्त्रण समितिको गठन गरी सोको जानकारी यस मन्त्रालयलाई समेत उपलब्ध गराइदिनहुन अनुरोध छ।

विदुर पौडेल
शाखा अधिकृत
शाखा अधिकृत
अधिकृतस्तर (सातौं)

website : www.moeap.p1.gov.np
E-mail: moeap.s1@gmail.com

प्रदेश सरकार

# आर्थिक मामिला तथा योजना मन्त्रालय

प्रदेश नं.१
विराटनगर

फोन नं. [illegible]

प.सं. : ०७८/०७९
च.नं. : २८०

मिति : २०७८/०३/०८

विषय:- बहुवर्षीय आयोजनामा बजेट विनियोजन/बाँडफाट गर्ने सम्बन्धमा ।

श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय,
श्री प्रदेश सभा सचिवालय,
श्री प्रदेश लोक सेवा आयोग,
श्री मुख्यन्यायाधिवक्ताको कार्यालय,
श्री उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय,
श्री भूमि, व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय,
श्री आन्तरिक मामिला तथा कानून मन्त्रालय,
श्री भौतिक पूर्वाधार विकास मन्त्रालय,
श्री सामाजिक विकास मन्त्रालय,
श्री प्रदेश योजना आयोग,
प्रदेश नं.१, विराटनगर।

प्रस्तुत विषयमा विगत आर्थिक वर्षहरुमा बहुवर्षीय खरिद प्रक्रियाबाट निर्माणाधीन आयोजना/कार्यक्रमलाई चालु आर्थिक वर्ष २०७८/७९ मा बजेट प्रस्ताव/विनियोजन हुन छुट भएको भए तहाँ मन्त्रालय/निकायको बाँडफाँट हुन बाँकी एकमुष्ट विनियोजन (अबण्डा) रकमबाट ठेक्का सम्झौता भई बाँकी दायित्व रहेका तथा वार्षिक कार्यक्रममा समावेश नभएका वा कम बजेट विनियोजन भएका आयोजनामा चालु आ.व.मा सृजना हुनसक्ने दायित्व अनुमान गरी प्राथमिकताका साथ बाँडफाँट/विनियोजन गरी PLMBIS प्रविष्टि स्वीकृतिका लागि यस मन्त्रालयमा पठाउने व्यवस्थाको लागि अनुरोध छ।

२०७८।३।८

सुमन दाहाल
प्रदेश सचिव

प्रदेश सचिव

प्रदेश सरकार

# आर्थिक मामिला तथा योजना मन्त्रालय

प्रदेश नं.१

विराटनगर

फोन नं. [illegible]

अत्यन्त जरुरी

प.सं. : ०७८/०७९

च.नं. : ४३५

मिति : २०७८/०९/३०

**विषयः- स्वीकृत बजेट तथा कार्यक्रम यकिन गरेर मात्र कार्यान्वयन गर्ने गराउने सम्बन्धमा।**

श्री सबै मन्त्रालय/ निकाय/ कार्यालयहरु,
श्री सबै स्थानीय तहहरु,
प्रदेश नं.१

प्रस्तुत विषयमा प्रदेश सरकार अन्तरगतका निकायहरुबाट कार्यान्वयन हुने तथा स्थानीय तहमा वित्तीय हस्तान्तरणका लागि स्वीकृत बजेट तथा कार्यक्रम प्रकाशन गरी यस मन्त्रालयको वेबसाईटमा राखिएको एवम् प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणाली (PLMBIS) मा समेत प्रविष्टि गरिएको छ। बजेट कार्यान्वयन एवम् निकासा गर्दा, रकमान्तर वा थप निकासा भई आएकोमा प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणाली (PLMBIS) मा प्रविष्टि स्वीकृत भएको यकिन गरी वा यस मन्त्रालयको आधिकारिक इमेलबाट प्राप्त भएको पत्र/कागजात वा हुलाक मार्फत् प्राप्त भएको आधिकारिक पत्र/कागजातलाई मात्र मान्यता दिई बजेट कार्यान्वयन एवम् खरिद प्रक्रिया अगाडि बढाउनहुन अनुरोध छ। प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणाली PLMBIS मा स्वीकृत नदेखिएको, आधिकारिक रुपमा प्राप्त नभएको पत्र वा कागजातको आधारमा बजेट तथा कार्यक्रम कार्यान्वयन नगराउनुहुन अनुरोध छ। कुनै अनधिकृत वा शंकास्पद पत्र वा कागजात फेला परेमा वा त्यस्तो गतिविधि भईरहेको देखिएमा यस मन्त्रालयमा एवम् मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा जानकारी उपलब्ध गराइदिनहुन निर्देशानुसार अनुरोध छ।

बोधार्थ:
श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, प्रदेश नं.१, विराटनगर।
श्री प्रदेश लेखा नियन्त्रक कार्यालय, प्रदेश नं.१, विराटनगर।

बिदुर पौडेल
शाखा अधिकृत

शाखा अधिकृत
अधिकृतस्तर (सातौं)